टेवा स्मार्ट बैंकिङ्ग एप मार्फत यस संस्थाले आफ्ना सदस्यहरुलाई डिजिटल मोबाइल बैंकिङ्ग सेवा प्रदान गर्दै आइरहेको छ । सदस्यहरुले आफ्नो खाताको ब्यालेन्स चेक गर्ने, स्टेटमेन्ट हेर्ने लगायत बिजुली बिल भुक्तानी, खानेपानी बिल भुक्तानी, रिचार्ज गर्ने (Ncell, NTC,CDMA,Smartcell), इन्टरनेटको भुक्तानी, ई-सेवा तथा खल्ती लोड गर्ने, एक सदस्यबाट अर्को सदस्यको खातामा ब्यालेन्स ट्रान्सफर तथा इन्टर बैंक ट्रान्सफर सुविधा सहित अन्य सुविधा युक्त बैंकिङ्ग एप सञ्चालनमा रहेको छ । साथै उक्त सुविधा उपभोग गर्ने सदस्यज्यूहरुले वार्षिक २००।- भुक्तानी गर्नुपर्ने समेत जानकारी गराउँदछु । उक्त मोवाइल बैंकिङ्ग सुविधा Play store तथा App Store बाट डाउनलोड गरी संस्थामा स्मार्ट बैंकिङ्गको फर्म भरी स्मार्ट बैंकिङ्ग एप चलाउन सकिनेछ । उक्त एप चलाउन QR Code स्क्यानगरी Download गर्नुहुन अनुरोध गर्दछु ।

## १५. रेमिट्यान्स (विप्रेषण) सेवाः REMITTANCE SERVICE

यस संस्थाले विभिन्न रेमिट्यान्स कम्पनीको एजेन्सी लिई आफ्ना सदस्य तथा गैर सदस्यहरुलाई रेमिट्यान्स सेवा प्रदान गर्दै आएको छ । सदस्यहरुको सुविधालाई ध्यानमा राखी विप्रेषण सेवाको सुविधा उपलब्ध गराउने उद्देश्यले संसारको जुनसुकै देशहरुबाट पठाएको रकम भुक्तानी लिन सकिने छ तथा नेपाल राज्यभरी रकम पठाउन र भुक्तानी गर्न सकिने छ ।

## १६. सम्पत्ति शुद्धिकरण निवारण ऐनको पालना :

संस्थाले सम्पत्ति शुद्धिकरण निवारण ऐनमा भएका व्यवस्थाहरुलाई पालना गर्दै लगेको छ। खासगरी संगठित अपराध तथा राजश्व छलीबाट आर्जित सम्पत्तिको व्यवस्थापनमा संस्थालाई प्रयोग गर्न नदिन आवश्यक सावधानीहरु अपनाईएको छ। संस्थाको सदस्यता लिँदा सदस्य पहिचान फारम (KYM) भर्नुपर्ने व्यवस्था गरिएको छ। तोकिएको सिमा भन्दा बढीको कारोबारको विवरण वित्तिय जानकारी ईकाईमा तोकिए बमोजिम रिपोर्टिङ्ग गर्ने गरिएको छ। सहकारी विभागले जारी गरिएको निर्देशन २०७४ बमोजिम संस्थाले कार्यान्वयन अधिकारीको व्यवस्था गरेको छ।

## १७. लेखा परीक्षण :

आ.व. २०८०/०८१ को लागि साधारण सभाको निर्णयानुसार वार्षिक लेखा परीक्षण गर्न एस.आचार्य एण्ड एसोसिएटस् चार्टर्ड एकाउण्टेन्टसलाई लेखा परिक्षक नियुक्ति दिईएको हुनाले निजबाट लेखा परिक्षण कार्य सम्पन्न गरिएको कुरा सम्मानित साधारण सभा समक्ष अवगत गराउँदछु ।

## १८. रणनीतिक व्यवसायिक योजनाहरू :

संस्थाको लक्ष्य तथा उद्देश्यहरु पुरा गर्न संस्थाले पञ्चवर्षिय रणनीतिक व्यवसायिक योजना तयार पारेको छ । उक्त रणनीतिक व्यवसायिक योजनाले संस्थाको कार्यसम्पादन स्तरलाई थप सबल र सक्षम बनाउँदै सदस्य र समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनस्तरलाई सुदृढ तुल्याउने लक्ष्य लिएको छ ।

## १९. ब्याजदर परिमार्जन :

आ.व. २०८०/०८१ मा बैंक तथा वित्तीय संस्थाहरुको ब्याजदर स्थिर रहन सकेन । आर्थिक वर्षको अधिकांश समय तरलता संकुचनको अवस्था रहेकोले वित्तीय बजारमा देखा परेको ब्याजदर उतार चढावका कारण हाम्रो संस्थाले पनि समय समयमा ब्याजदर परिमार्जन गर्नु परेको छ । संस्थाको विभिन्न प्रकारका बचत र ऋणहरुमा आ.व.२०८०/०८१ मा ५ पटक ब्याजदर परिमार्जन गरी लागू गरेको छ ।

## २०. सहकारी प्रवर्द्धन कोष :

सहकारी ऐन २०७४ को दफा ७० बमोजिम नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी प्रवर्द्धन कोष सचिवालयमा आर्थिक वर्ष २०७९/०८० को लेखा परिक्षण प्रतिवेदन अनुसार सहकारी प्रवर्द्धन कोष वापत दाखिला गर्नु पर्ने रकम रु. ३,२०,६७३।४९ (अक्षरेपी तीन लाख वीस हजार छ सय त्रिहत्तर रुपैयाँ उनान्चास पैसा) तोकिएको खातामा जम्मा गरी सहकारी प्रवर्द्धन कोष सचिवालय, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरवार, काठमाण्डौंमा जानकारी गराइएको छ ।

## २१. सुचनाको व्यवस्था :

संस्थाले आफ्नो शेयर सदस्यहरुसँग सूचना आदान प्रदान गर्ने कार्यलाई उच्च प्राथमिकता दिएको छ । वार्षिक साधारण सभामा शेयर सदस्य महानुभावहरुसँगको प्रत्यक्ष संवादको माध्यमबाट मार्ग निर्देशन प्राप्त गर्ने गरेको छ । संस्थाको वार्षिक प्रतिवेदन, सहकारी विभागबाट जारी निर्देशन बमोजिम वित्तिय तथा अन्य विवरणहरु एवम् विभिन्न जानकारीहरु सामाजिक सञ्जाल, संस्थाको सूचनापाटी एवम् संस्थाको वेबसाइट https://tewampc.com.np मार्फत जानकारी गराउने गरिएको छ ।

## २२. ब्याज तथा हर्जाना छुट :

वित्तिय बजारमा देखिएको असहज परिस्थितिलाई मध्यनजर गरी मिति २०८१ बैशाख १५ गते देखी लागू हुने गरी यस सहकारी संस्थाबाट धितो राखी विभिन्न ऋण शिर्षक अन्तर्गत ऋण सुविधा प्रयोग गरी तोकिएको समय भित्र ऋणको ब्याज तिर्ने ऋणी सदस्यहरुलाई पाकेको ब्याज रकमको ३ प्रतिशत छुट उपलब्ध गरिएको जानकारी गराउन चाहन्छु । संस्थाबाट आषाढ मसान्त सम्ममा रु ४,१४,२०७।८७ (अक्षरेपी चार लाख चौध हजार दुई सय सात रुपैयाँ सतासी पैसा) छुट सुविधा प्रदान गरिएको थियो । साथै यस सहकारी संस्थाबाट धितो राखी विभिन्न ऋण शिर्षक अन्तर्गत ऋण सुविधा प्रयोग गरेका ऋणी सदस्यहरुलाई मिति २०८१ आषाढ ०७ गते देखि २०८१ आषाढ मसान्त भित्र सम्पूर्ण ब्याज भुक्तानी गरेका ऋणी सदस्यहरुलाई पाकेको हर्जानामा ५० प्रतिशत छुट उपलब्ध गराइएको जानकारी गराउन चाहन्छु । संस्थाबाट आषाढ मसान्त सम्म जम्मा रु २४,९२,३१०।१९ (अक्षरेपी चौविस लाख बयानब्बे हजार तीन सय दश रुपैयाँ उन्नाईस पैसा) छुट सुविधा प्रदान गरिएको थियो ।

## २३. श्रद्धाञ्जली :

मृत्यु जीवनको कठोर सत्य हो । आर्थिक वर्ष २०८०।८१ को अवधीमा हाम्रो ९ जना शेयर सदस्यको स्वर्गारोहण हुनु भयो जसबाट संस्थाले अतुलनिय क्षति व्यहोर्नु परेको छ । मृतआत्माको चिर शान्तीको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

## आदरणीय शेयर सदस्य महानुभावहरू,

संस्थाले आर्थिक वर्ष २०८०।८१ मा राखेका लक्ष्यहरु र तिनमा भएका प्रगति र कार्यान्वयनका अवस्था विस्तृत तपशिलमा उल्लेख गरिएकोछ ।

| नीति तथा कार्यक्रम | कार्यान्वयन अवस्था |
|---|---|
| १.शेयर सदस्यता तथा शेयर नीति : | सदस्यता ४.१३ प्रतिशतले वृद्धि भएको र शेयर रकममा ९.०१ प्रतिशतले वृद्धि भएको जानकारी गराउँदछु । प्रभावकारी वित्तिय संरचना अन्तर्गत कूल सम्पत्तिको आधारमा शेयर पूँजी २१.०६ प्रतिशत रहेको थियो । |
| २.बचत/निक्षेप नीति : | कूल बचत/निक्षेपमा १२.२३ प्रतिशतले वृद्धि भएको जानकारी गराउँदछु । साथै बचतमा समय सापेक्ष प्रतिस्पर्धात्मक ब्याजदर कायम गरिएको जानकारी गराउँदछु। ज्येष्ठ नागरिक सदस्यहरुलाई लक्षित गरी ज्येष्ठ नागरिक बचत खाता संचालनमा ल्याएकाछौं । प्रभावकारी वित्तिय संरचना अन्तर्गत कूल सम्पत्तिको आधारमा बचत/निक्षेप ६०.७२ प्रतिशत रहेको थियो । |
| ३.ऋण लगानी तथा असुली नीति : | ऋण लगानीमा ३.६२ प्रतिशतले वृद्धि भएको जानकारी गराउँदछु। कर्जा लगानी प्रकृियालाई छिटो र छिरीतो बनाउँदै ऋणको सीमा प्रति एक सदस्य रु तीन करोड पचास लाख पुऱ्याइएको छ । समय सापेक्ष ऋणको ब्याजदर परिवर्तन भएको छ। भाखा नाघेको ऋण कूल ऋण रकमको ०.७७ प्रतिशत रहेको थियो । दीर्घकालिन कर्जाको व्यवस्था गरी रकमका आधारमा अधिकतम १५ वर्ष सम्मका लागि लगानी गर्ने गरिएको छ । प्रभावकारी वित्तिय संरचना अन्तर्गत कूल सम्पत्तिको आधारमा शुद्ध ऋण ७७.९० प्रतिशत रहेको थियो । |
| ४.आम्दानी नीति : | आ.व. २०८०/०८१ मा रु. १९,७९,३६,०५०।१३ (उन्नाईस करोड उनासी लाख छतीस हजार पचास रुपैयाँ तेह्र पैसा मात्र) कूल आम्दानी रह्यो । |
| ५.खर्च नीति : | आ.व. २०८०/०८१ मा विभिन्न शिर्षकहरुमा खर्च रु. ११,३२,४२,१११।३६(एघार करोड बत्तिस लाख बयालीस हजार एक सय एघार रुपैयाँ छत्तिस पैसा मात्र) रह्यो । |
| ६.सूचना प्रविधि नीति : | समयानुसार कर्मचारी तथा संस्थाका पदाधिकारीहरुलाई तालिमको व्यवस्था गरी सूचना प्रविधि अधिकतम प्रयोगमा ल्याइएको जानकारी गराउँदछु। सदस्यहरुलाई सामाजिक सञ्जाल, वेबसाइट मार्फत जानकारी दिने गरिएको छ । मोवाइल बैंकिङ्ग सेवालाई स्तरोन्नती गर्दै लगिएको छ । |
| ७.वेबसाइट, विद्युतीय कारोबार, विद्युतीय सुरक्षा तथा प्रवर्द्धनात्मक नीति : | आवश्यकता अनुसार वेबसाइट अद्यावधिक गर्ने कार्य भई रहेको तथा संस्थाको पहिचान हुने गरी भित्तेपात्रो प्रकाशन गरी वितरण गरिएको जानकारी गराउँदछु । |

| | |
|---|---|
| ८.शिक्षा, तालिम, क्षमता अभिवृद्धि तथा सचेतना नीति : | मिति २०८० माघ १३ गते शनिबारका दिन एक दिन तनाव व्यवस्थापन तालिम कार्यक्रम तथा मिति २०८० पौष २७ गते बाल शेयर सदस्यहरुलाई सदर चिडियाखाना भ्रमण कार्यक्रममा सहभागी गराइएको जानकारी गराउँदछु । सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा उप समितिका पदाधिकारीहरुलाई आवश्यकता अनुसार शिक्षा तालिम, क्षमता अभिवृद्धि तथा सचेतना कार्यक्रममा सहभागी गराईएको जानकारी गराउँदछु । |
| ९.सामाजिक कार्य नीति : | संस्थाको स्थापना दिवसको अवसरमा वृक्षारोपण, रक्तदान तथा स्वास्थ्य शिविर आयोजना गरिएको जानकारी गराउँदछु । |
| १०.सम्मान नीति : | संस्थाले १६ औं वार्षिक साधारण सभामा संस्थाका शेयर सदस्य मध्ये उत्कृष्ट बचतकर्ता, उत्कृष्ट ऋणी तथा कर्मचारीलाई सम्मान तथा मिति २०८० चैत्र २० गते सहकारी दिवसका दिन ज्येष्ठ शेयर सदस्य सम्मान कार्यक्रम आयोजना गरिएको जानकारी गराउँदछु । |
| ११.रेमिट्यान्स कारोबार नीति | रेमिट्यान्स सेवालाई व्यवस्थित तवरका साथ संचालन गरिएको जानकारी गराउँदछु । |
| १२.संस्थाको विनियम र आन्तरिक नीति,कार्यविधि तथा विनियमावली संशोधन नीति : | संस्थाले १६ औं वार्षिक साधारण सभामा पेश गरिएको टेवा स्वास्थ्य हितकोष बचत सञ्चालन कार्यविधि-२०८० र ज्येष्ठ नागरिक हितकोष बचत सञ्चालन कार्यविधि-२०८० संशोधन भएको जानकारी गराउँदछु । |
| १३.ज्येष्ठ सदस्य नीति : | टेवा ज्येष्ठ नागरिक हितकोष बचतको नीति अनुसार ज्येष्ठ शेयर सदस्यहरुलाई औषधी उपचार खर्च वापत रु वार्षिक १५,०००/(पन्ध्र हजार रुपैयाँ) उपलब्ध गराएको जानकारी गराउँदछु। यस अवधीमा ४० जना ज्येष्ठ शेयर सदस्यहरुलाई औषधी उपचार खर्च वापत रु.६,००,०००/ प्रदान गरिएको थियो । |
| १४.स्वास्थ्य नीति : | टेवा स्वास्थ्य हितकोष बचत कार्यक्रम सञ्चालन गरी सोही कोष मार्फत शेयर सदस्यहरुलाई वार्षिक औषधी उपचार खर्च, संस्कार खर्च तथा दीर्घरोग औषधी उपचार खर्च वापत रकम उपलब्ध गराएको जानकारी गराउँछु। यस अवधीमा औषधी उपचार खर्च वापत ४७ जनालाई जम्मा रु.१२,३८,०००/, मृत्यु भएका शेयर सदस्यका परिवारलाई काज किरिया खर्च वापत १५ जनालाई जम्मा रु.३९८,५००/ सुत्केरी भएका महिला सदस्यहरुलाई सुत्केरी पोषण तथा औषधी उपचार खर्च वापत ६ जनालाई रु.९०,०००/ प्रदान गरिएको थियो । |
| १५.बाल विकास नीति : | १६ औं वार्षिक साधारण सभाको निर्णय अनुसार बाल विकास नीतिलाई स्वास्थ्य नीतिमा समायोजन गरिएको छ । |
| १६. अन्तर सहकारी नीति : | आवश्यकता अनुसार संघ संस्थामा समन्वय गरी सहकारी सेवाको लागि समन्वय र सहकार्यलाई निरन्तरता दिएको जानकारी गराउँदछु । |
| १७.रणनैतिक योजनाहरु नीति : | संस्थाले आ.व. २०७९/०८० देखी २०८३/०८४ सम्मको लागि पञ्चवर्षिय योजना तयार गरी आवश्यकतानुसार संशोधन, परिमार्जन तथा समिक्षा गरि कोषाध्यक्षज्यूको प्रतिवेदनमा पेश गरिएको जानकारी गराउँदछु । |

| | |
|---|---|
| १८.शेयर सदस्यज्युहरुको सेवा सुविधा नीति : | शेयर सदस्यहरुलाई नियमित मासिक बचत गर्न तथा आर्थिक कारोबारमा सहभागी हुन फोन सम्पर्क गरी प्रोत्साहन गरिएको जानकारी गराउँदछु । शेयर सदस्यहरुलाई आवश्यकता अनुसार सेवा सुविधा उपलब्ध गराउँदै आइरहेको जानकारी गराउँदछु । |
| १९.बाह्य ऋण तथा अनुदान लिने नीति : | आवश्यकता अनुसार पर्ल्स वित्तिय प्रणालीको नीतिभित्र रहि बाह्य ऋण लिएको तथा हाल संस्थाको बाह्य ऋण चुक्ता भएको जानकारी गराउँदछु । |
| २०.सम्पत्ति खरीद नीति : | आवश्यकता अनुसार सम्पत्ति खरीद तथा चल-अचल सम्पत्ति मर्मत गरिएको जानकारी गराउँदछु। यस अवधीमा रु.१२,५३,६४६। रकमको स्थिर सम्पत्ति खरिद गरिएको थियो । |
| २१.विमा नीति : | चल अचल सम्पत्ति,कमर्चारीहरुको स्वास्थ्य तथा मार्गस्थ नगद बिमालाई निरन्तरता दिँदै आएको जानकारी गराउँदछु । |
| २२. कर्मचारी तर्फको नीति : | आवश्यकता अनुसार कर्मचारीहरुलाई क्षमता अभिवृद्धि तालिममा सहभागी, अध्ययन, अवलोकन तथा भ्रमण कार्यक्रममा सहभागी गराईएको एवम् समय सापेक्ष सेवा सुविधामा वृद्धि गराईएको जानकारी गराउँदछु । |
| २३.सम्पत्ति शुद्धीकरण ऐन कार्यान्वयन : | सदस्य पहिचान फारम अद्यावधिक तथा सम्पत्ति शुद्धीकरण ऐन कार्यान्वयनमा ल्याईएको जानकारी गराउँदछु । साथै नेपाल राष्ट्र बैंकको वित्तिय जानकारी इकाई मा आवद्ध भई आवश्यकता अनुसार प्रतिवेदन पेश गर्ने गरिएको जानकारी गराउँदछु । |
| २४. लाभांश तथा संरक्षित पूँजी फिर्ता कोष : | शेयर लाभांश कोष बाट १२.३७ प्रतिशत र संरक्षित पूँजी फिर्ता कोषबाट ५.९३ प्रतिशत हुन आउने रकम फिर्ता गरिएको जानकारी गराउँदछु । |
| २५. सदस्यहरुको गुनासो न्यूनीकरण नीति : | सदस्यहरुको गुनासो न्यूनीकरणका लागि सदस्य सन्तुष्टी पहिचान सर्वेक्षण फाराम भर्ने व्यवस्था मिलाईएको छ । |
| २६. तरलता व्यवस्थापन नीति : | आर्थिक वर्ष २०८०।८१ भर करिव ३० प्रतिशत तरलता कायम गरिएको जानकारी गराउँदछु । साथै संस्थाले तरलता योग्य रकमलाई बैंक तथा वित्तिय संस्थाहरुमा मुद्दती खाताहरुमा लगानी गरिएको जानकारी गराउँदछु । |
| २७. दोहोरो सदस्यता नीतिः | दोहोरो सदस्यता अन्त्य गर्नका लागि साधारण सभामा आवश्यक सूचना जारी गरिएको जानकारी गराउँदछु । |

## आदरणीय शेयर सदस्य महानुभावहरू,

"हामीले सहकारीको विश्वव्यापी सिद्धान्त र मूल्यमान्यता, नेपाल सरकारको नीति, निर्देशन, सहकारी अभियानको मार्गदर्शन र संस्थाको विनियमलाई आत्मसात गर्दै विगतका सफलता र सदस्यहरुबाट प्राप्त सुझावहरुलाई समेट्दै यस वर्षको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरेका छौं ।

अब म, संस्थाले आर्थिक वर्ष ०८१।०८२ का लागि अवलम्बन गर्ने नीति तथा कार्यक्रमहरुलाई बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. शेयर सदस्यता तथा शेयर नीति

- आर्थिक वर्षको अन्त्यसम्म सदस्य संख्यामा १० प्रतिशतले वृद्धि गरिनुका साथै शेयर रकम १.६६ प्रतिशतले वृद्धि गरिनेछ ।
- कूल सम्पत्तिको आधारमा शेयर पूँजी उच्च रहेको हुनाले शेयर पूँजीलाई पर्ल्स मापदण्ड भित्र कायम राखी शेयर रकम वृद्धि गरिनेछ ।

## २. बचत/निक्षेप नीति

- कूल बचत/निक्षेपमा २२.८५ प्रतिशतले वृद्धि गर्ने नीति लिईनेछ ।
- कूल सम्पत्तिको अनुपातमा बचत ७०-८० प्रतिशत भित्र कायम गरिनेछ ।
- सदस्यहरुलाई लक्षित गरी नयाँ-नयाँ बचत योजनाहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ । नारी बचत/बाल बचत/ज्येष्ठ नागरिक बचत तथा नियमित बचत शिर्षकहरुमा बचत संकलन गरी बचत वृद्धि गर्न विशेष जोड दिईनेछ ।
- समय सापेक्ष प्रतिस्पर्धात्मक व्याजदर कायम गरिनेछ । बचत तथा ऋणको अन्तर दरमा विशेष ध्यान दिईनेछ ।
- नियमित रुपमा खुत्रुके बचत खातामा बचत गर्ने बाल बचतकर्ताहरुलाई जन्मदिनको अवसरमा केक उपहार दिईने कार्यलाई निरन्तरता दिइनेछ ।
- शेयर रकमको अनुपातमा अनिवार्य बचत तोकिएको हुँदा सोही अनुसार बचत गरिदिनु हुन समेत अनुरोध गर्दछु ।
- संस्थामा नियमित कारोबार गर्ने सदस्यहरु मध्ये ५ जनालाई पुरस्कृत गरिनेछ ।

## ३. ऋण लगानी तथा असुली नीति

- कूल ऋण लगानीमा २०.५४ प्रतिशतले वृद्धि गर्ने नीति लिईनेछ ।
- दीर्घकालीन कर्जाहरुलाई प्राथमिकतामा राखी कर्जा लगानी गरिनेछ । दीर्घकालीन कर्जाको अवधी, ऋण रकम अवस्था हेरी ५ देखी १५ वर्ष सम्म लगानी गरिनेछ । दीर्घकालीन कर्जाको मासिक किस्ता अनिवार्य बुझाउनु पर्नेछ ।
- संस्थाले तोकिएको समयमा साँवा, ब्याज, किस्ता भुक्तानी गर्ने मध्ये ५ जना ऋणी सदस्यलाई पुरस्कृत गरिनेछ ।
- ऋणका नयाँ- नयाँ क्षेत्रहरु पहिचान गरी सुरक्षित कर्जा लगानीलाई निरन्तरता दिईनेछ ।
- कर्जा लगानी प्रकृया छिटो छरितो बनाउँदै, ऋणको सीमा बढाउँदै जाने योजनालाई निरन्तरता दिईनेछ । प्रकृया पुरा गरी आएको ऋणलाई २४ घण्टा भित्रमा ऋण प्रवाह गरिनेछ ।
- संस्थाले आफ्नो सदस्यलाई संस्थाको कूल पूँजी कोषको १० प्रतिशत नबढाई ऋण लगानी गरिनेछ ।
- संस्थाले आफ्नो सदस्यको शेयर प्रमाण पत्र धितो राखी ऋण लगानी गर्ने गरिएकोमा आगामी दिनमा उक्त कार्यलाई न्यूनीकरण गरिनेछ ।
- ऋणमा समय सापेक्ष प्रतिस्पर्धात्मक ब्याजदर कायम गरी विभिन्न कर्जा शिर्षकहरुमा कर्जा प्रवाह गरिनेछ ।
- भाखा नाघेको ऋणलाई ५ प्रतिशत भन्दा कम कायम गर्ने नीति लिइएको छ ।

- संस्थाबाट लगानी गरिने ऋण रकमलाई व्यवसायमूलक र उत्पादनशील क्षेत्रमा ऋण लगानी गर्न प्राथमिकता दिईनेछ ।
- भाखा नाघेका ऋणी सदस्यहरुलाई विभिन्न माध्यमबाट असुलीको लागि ताकेता गरिनेछ, संस्थाले दिएको समय बेवास्ता गर्ने सदस्यहरुलाई कानुनी दायरामा ल्याई ऋण असुली गरिनेछ ।
- साना तथा मझौला व्यवसायहरुलाई प्राथमिकता राखी ऋण लगानी गरिने छ ।
- असल ऋणी सदस्यहरुलाई सहुलियत दिने कार्यलाई निरन्तरता दिईनेछ ।

## ४. आम्दानी नीति

- आ.व. २०८१/०८२ मा कुल आम्दानी रु. २२,४१,६७,२००/ (अक्षरेपी बाईस करोड एकचालिस लाख सतसट्ठी हजार दुई सय मात्र) पु¥याउने लक्ष्य लिइएको छ ।

## ५. खर्च नीति

- नियमित र अत्यावश्यक खर्च बाहेक अन्य खर्चको शिर्षकमा मितव्ययिता अपनाईनेछ । आ.व. २०८१/०८२ मा कुल खर्च रु. ११,२१,३६,०००/ (अक्षरेपी एघार करोड एकाईस लाख छत्तीस हजार रुपैयाँ मात्र) मा सीमित राख्ने लक्ष्य लिइएको छ ।

## ६. सूचना प्रविधि नीति

- प्रविधिको उच्चतम प्रयोग गर्न संस्थाले विभिन्न सफ्टवेयर एप्लिकेशनहरुको जानकारी गराउन शिक्षा तथा तालिमको व्यवस्था मिलाइने छ ।
- संस्थाले प्रवाह गर्ने सेवा सुविधाहरुको बारेमा विभिन्न माध्यम बाट सूचित गरिनेछ । शेयर सदस्य महानुभावहरुको सेवालाई मध्यनजर गरी संस्थालाई आधुनिकीकरण गर्न Smart Tewa को अवधारणा अनुसार मोवाइल बैकिङ्ग सेवालाई थप व्यवस्थित बनाइनेछ ।
- संस्थाबारे जानकारी दिन सामाजिक सञ्जालको प्रयोग गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- संस्थाको विभिन्न गतिविधिहरु सम्मिलित जानकारी मूलक भिडियो निर्माण गरी विभिन्न माध्यम बाट प्रशारण गरिनेछ ।

## ७. वेबसाइट, विद्युतीय कारोबार, विद्युतीय सुरक्षा तथा प्रवर्द्धनात्मक नीति

- संस्थाको वेबसाइट अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- संस्थासँगको कारोबारको विवरणहरु सदस्यहरुलाई विद्युतीय माध्यमबाट सहज रुपमा प्रदान गरिनेछ ।
- कारोबारको गोपनीयता र सुरक्षाका लागि संस्थाको डाटाहरुलाई Cloud मा राखिने व्यवस्था मिलाइनेछ ।
- संस्थाको पहिचान हुने भित्तेपात्रो र टेवल क्यालेण्डर प्रकाशन गरी शेयर सदस्यज्यूहरु, स्थानीय तथा सरोकारवाला निकायहरुमा वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- संस्थाको ख्याती वृद्धिका लागि संस्थाको नाम तथा लोगो अंकित क्याप, टिसर्ट आदि सामाग्री छपाई गरी शेयर सदस्य तथा कर्मचारीहरुलाई वितरण गरिनेछ ।
- संस्थाका समिति तथा उप-समितिका पदाधिकारीहरुलाई पोशाकको व्यवस्था गरिनेछ ।

## ८. शिक्षा, तालिम, क्षमता अभिवृद्धि तथा सचेतना नीति

- संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिका पदाधिकारीहरु लगायत कार्यरत कर्मचारीहरुलाई समय सापेक्ष क्षमता अभिवृद्धि, सहकारी शिक्षा तालिमहरुको आयोजना गरी सहभागी गराइनेछ ।
- शेयर सदस्यहरुलाई सहकारी शिक्षा र वित्तिय साक्षरता सम्वन्धी तालिम सञ्चालन गरिनेछ ।
- सचेतनामूलक कार्यक्रमहरुको आयोजना गरिनेछ ।
- संस्थाका महिला सदस्यहरूलाई उद्यमी बनाउन विभिन्न सीपमूलक तालिमको आयोजना गरिनेछ ।
- बालबालिकाको वृत्ति विकासको लागि भ्रमण, तालिम तथा अन्तरकृया कार्यक्रमको आयोजना गरिनेछ ।
- नेपालका उत्कृष्ट सहकारीहरुको गतिविधि तथा क्रियाकलापहरुको अध्ययन, अवलोकनको कार्यक्रमलाई निरन्तरता दिने योजना बनाईएको छ ।
- स्वास्थ्य, पोषण तथा जीवनशैली विकास जस्ता सदस्यहरुको क्षमता तथा नेतृत्व विकास सम्वन्धी कार्यक्रमहरुलाई आगामी दिनमा निरन्तरता दिईनेछ ।
- शेयर सदस्यहरुलाई लक्षित गर्दै सहकारीको महत्व तथा चेतनामूलक कार्यक्रमको थालनी गरिनेछ ।

## ९. सामाजिक कार्य नीति

- जनचेतनामूलक वृहत सरसफाई तथा वृक्षारोपण गर्ने कार्यलाइ निरन्तरता दिँदै हात्तिवनमा टेवा वाटिका स्थापना गर्ने कार्यको थालनी गरिनेछ ।
- सदस्यहरुलाई लक्षित गरी कम्तिमा एक स्वास्थ्य शिविर र एक रक्तदान कार्यक्रम सञ्चालन गरिनेछ । साथै विभिन्न सामाजिक कार्यहरुलाई व्यवस्थित ढंगले कार्यान्वयन गर्ने नीति लिईनेछ ।

## १०. सम्मान नीति

- संस्थाका स्थापनाकालका शेयर सदस्य, शेयर सदस्य, ज्येष्ठ शेयर सदस्य तथा अन्य विशिष्ट व्यक्तिहरुको सम्मान कार्यक्रमको आयोजना गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- संस्थाको विविध विधामा बचत तथा ऋण कारोबार गर्ने शेयर सदस्यहरुलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- संस्थाका सम्पूर्ण गतिविधिलाई समेटेर तयार पारिएको वार्षिक प्रतिवेदन अध्ययन गरी उत्कृष्ट सुझाव दिने सदस्यहरूलाई हरेक वर्षको साधारण सभामा प्राप्त सुझावका आधारमा पुरस्कृत गरिनेछ ।
- संस्थाले दिएको जिम्मेवारी निष्ठाका साथ कार्यान्वयन गर्ने कर्मचारीहरुलाई सम्मान तथा पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- संस्थाबाट प्रदान गरिएको सीपमूलक तथा आयमूलक तालिममा सहभागी भई उक्त व्यवसाय सञ्चालन गर्नुहुने सदस्य महानुभावहरुलाई सम्मान गरिनेछ ।

## ११. रेमिट्यान्स कारोबार नीति

- संस्थाबाट प्रदान गरिने रेमिट्यान्स सेवालाई थप प्रभावकारी र विस्तार गरिनेछ । नियमित रुपमा रेमिट्यान्सको कारोबारमा सहभागी सेवाग्राहीहरुमध्ये छनौट गरी पुरस्कृत गरिनेछ ।

## १२ संस्थाको विनियम र आन्तरिक नीति,कार्यविधि तथा विनियमावली संशोधन नीति

- सहकारी ऐन र सहकारी नियमावली अनुसार संस्थाको विनियम, आन्तरिक नीति नियम, कार्यविधि, निर्देशिकाहरु आवश्यकता अनुसार निर्माण तथा संशोधन गरिने छ ।

## १३. ज्येष्ठ सदस्य नीति

- ज्येष्ठ शेयर सदस्यहरुलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिईनेछ । टेवा ज्येष्ठ नागरिक हितकोष बचतको सदस्यता लिई ५ वर्ष पुरा भएका, ६९ वर्ष उमेर पुरा गरी ७० वर्ष लागेका ज्येष्ठ शेयर सदस्यहरुलाई औषधी तथा उपचार खर्च वापत वार्षिक रु १५०००/- (अक्षरेपी पन्ध्र हजार रुपैयाँ) दिईने कार्यलाई निरन्तरता दिईएको छ ।
- सदस्यहरु सँग ज्येष्ठ नागरिक कोष बचतमा दैनिक तीन रुपैयाँका दरले दान स्वरुप लिइने कार्यलाई निरन्तरता दिईएको छ ।

## १४. स्वास्थ्य नीति

- टेवा स्वास्थ्य हितकोष बचतमा आवद्ध सदस्यज्यूहरुलाई नेपाल सरकारले किटान गरेको दीर्घ रोग मध्ये निम्न अनुसारको रोग भएमा एक पटक रु. १५,०००/- (अक्षरेपी पन्ध्र हजार रुपैयाँ) उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईएको छ। उक्त सुविधा लिन संस्थाको शेयर सदस्य रही स्वास्थ्य हितकोष बचतमा योगदान गरेको कम्तिमा पाँच वर्ष पुरा भएको हुनुपर्नेछ। संस्थाले उपलब्ध गराउने रकम स्वास्थ्य हितकोष मार्फत उपलब्ध गराईनेछ ।

  क. मुटु रोग - (खुल्ला मुटु शल्यक्रिया तथा मुटु भल्व प्रतिस्थापन वा मर्मत गर्नु परेको अवस्थामा ।
  ख. मृगौला (किड्नी) रोग - (किड्नी प्रतिस्थापन र अन्तिम अवस्थाको किड्नी निष्कृयता),
  ग. क्यान्सर (सबै प्रकृतिको क्यान्सर)
  घ. पक्षाघात (सबै प्रकृतिको पक्षाघात)

- हितकोष बचतका सदस्य बिरामी हुँदा औषधी उपचार खर्च वापत तथा सदस्यको मृत्यु भएमा संस्कार खर्च वापत बढीमा ५०,०००/- उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईएको छ ।
- हितकोष बचतका सदस्यको एकाघर परिवारको मृत्यु भएमा रु. १०,५००/ (अक्षरेपी दश हजार पाँच सय रुपैयाँ) उपलब्ध गराईने कार्यलाई निरन्तरता दिईनेछ । उक्त सुविधा एकै परिवार भित्रका एक वा बढी सदस्य भएता पनि एकै सदस्य मानी दोहोरो सुविधा उपलब्ध नगराईने नीति लिइएको छ ।
- हितकोष बचतका महिला सदस्य सुत्केरी भएको अवस्थामा पहिलो दुई सन्तानसम्म संस्थाले उपलब्ध गराउँदै आएको सुत्केरी पोषण तथा औषधी उपचार खर्च वापत रु.१५०००/(अक्षरेपी पन्ध्र हजार मात्र) उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।
- मुख हेराई अन्तर्गत बच्चाको मुख हेरी संस्थाको तर्फबाट १ थान भोटो सेट, १ थान खुत्रुके तथा एक सय रुपैयाँ उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।
- टेवा स्वास्थ्य हितकोष बचतमा दान स्वरुप शेयर सदस्यहरु सँग दैनिक छ रुपैयाँ दरले लिने कार्यलाई निरन्तरता दिईएको छ ।

- टेवा स्वास्थ्य हितकोष बचतमा सदस्यहरुलाई सेवा दिँदा निम्न अनुसारका कुरालाई आधार मानिनेछ ।

  १. बेड खर्च : एक हजार पाँच सयका दरले बढीमा ५ दिन सम्मको ।

  २. डाक्टर फि,औषधी खर्च, ल्याव खर्च, अप्रेशन खर्च तथा अन्य खर्चहरुमा : २० प्रतिशत ।

**(नोट : परिवार भन्नाले सदस्यको पति-पत्नी, छोरा-बुहारी, अविवाहिता छोरी, बुवा-आमा तथा महिला शेयर सदस्यको सासु-ससुरालाई सम्झनु पर्दछ ।)**

## १५. अन्तर सहकारी नीति

- राष्ट्रिय सहकारी सङ्घ, राष्ट्रिय सहकारी बैंक, जिल्ला सहकारी सङ्घ, विषयगत सङ्घ र सहकारी सङ्घ/संस्था लगायत सरोकारवाला निकायहरुसँग थप सम्पर्क र समन्वय गरी सहकारी सेवाको लागि समन्वय र सहकार्यलाई निरन्तरता दिइनेछ ।
- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सहकारी दिवसका साथै अन्य सहकारी अन्तरकृया तथा छलफल कार्यक्रमहरुमा सकृय सहभागिता जनाइने छ ।

## १६. रणनैतिक योजना नीति

- संस्थाले तयार गरेको पञ्चवर्षिय रणनैतिक व्यवसायिक योजनालाई आवश्यकता अनुसार संशोधन गरिनेछ ।

## १७. शेयर सदस्यज्यूहरुको सेवा सुविधा नीति

- यस संस्थाको सदस्यता लिई तोकिएको नियमित मासिक बचत नगर्ने, अन्य कुनै पनि आर्थिक कारोबारमा सहभागी नहुने, संस्थाले सञ्चालन गरेको स्वास्थ्य हितकोष बचत र ज्येष्ठ नागरिक कोष बचतमा योगदान नगर्ने शेयर सदस्यहरुलाई नियमित योगदान र आर्थिक कारोबारमा सहभागी हुन प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिईएको छ ।
- सदस्यहरुको बत्ती बिजुली एवम् धाराको बिल भुक्तानी सेवालाई निरन्तरता दिईएको छ ।

## १८. बाह्य ऋण तथा अनुदान लिने नीति

- संस्थाको आवश्यकता बमोजिम पर्ल्स वित्तिय प्रणालीको नीतिभित्र रहि बाह्य ऋण तथा अनुदान लिईनेछ ।

## १९. सम्पत्ति खरिद नीति

- संस्थाको दैनिक प्रशासनिक कार्यहरु सुचारु ढंगले सञ्चालन गर्नका लागि संस्थाको आवश्यकतानुसार पूँजीगत खर्चको रुपमा नियमानुसार सम्पत्ति खरिद, मर्मत तथा सम्पत्ति पत्रु भएमा लिलाम बिक्रि गर्ने नीति लिईनेछ ।

## २०. विमा नीति

- संस्थाको चल अचल सम्पत्तिको विमा, कर्मचारीहरुको स्वास्थ्य विमा र मार्गस्थ नगद विमालाई निरन्तरता दिइने छ ।

## २१. कर्मचारी तर्फको नीति

- कर्मचारीको समय सापेक्ष क्षमता अभिवृद्धिका लागि तालिमहरुको आयोजना एवं सहभागी गराइनेछ ।

- संस्थाको वित्तिय अवस्थालाई मध्यनजर गरी कर्मचारीको सेवा सुविधामा वृद्धि गर्ने योजना रहेको छ ।
- कर्मचारीहरुका लागि सहकारी अध्ययन, अवलोकन तथा भ्रमणको आयोजना गरिनेछ ।
- आवश्यकता अनुसार कर्मचारी थप गरी सदस्यहरुको सेवा सुविधा वृद्धि गरिनेछ ।
- कार्यरत कर्मचारीहरुको मूल्याङ्कन गरी सोही अनुसारको जिम्मेवारी तथा पदोन्नती गरिनेछ ।
- कर्मचारी क्षमता विकास तालिमको लागि सहकारी शिक्षा कोषको रकम खर्च गरिनेछ ।
- उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई पुरस्कृत तथा गलत कार्य गर्ने कर्मचारीलाई दण्ड तथा सजायको व्यवस्था गरिनेछ ।
- कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप आ.ब. २०८०।८१ को आधारभूत तलबको २ महिना बराबरको रकम बोनस दिईनेछ ।

## २२. सम्पत्ति शुद्धीकरण ऐन कार्यान्वयन :

यस संस्थाले सम्पत्ति शुद्धीकरण ऐनको पूर्ण पालना गर्दै सम्पर्क व्यक्ति, KYM Update र नियमित प्रतिवेदन पठाउने कार्यको निरन्तरता दिइने छ। सदस्यहरुको विवरण अद्यावधिक गर्न सदस्य पहिचान फाराम भर्ने, सदस्य जोखिम वर्गिकरण गर्ने कार्य निरन्तर भईरहेको र निरन्तरता दिने नीति लिइनेछ ।

## २३. लाभांश तथा संरक्षित पूँजी फिर्ता कोष नीति :

- आ.ब.२०८०।०८१ को शेयर पूँजीमा ८.८९% का दरले Dividend on Share capital वितरण गर्ने प्रस्ताव का साथै कारोबारको आधारमा संरक्षित पूँजी फिर्ता कोष मार्फत रकम प्रदान गर्ने नीति लिइएको छ ।
- सदस्यहरुलाई आगामी वर्ष शेयर पूँजीमा सहकारी ऐनले निर्धारण गरेका लाभांश वितरण गर्ने लक्ष्य राखिएको छ ।

## २४. सदस्यहरूको गुनासो न्यूनीकरण नीति :

- यस संस्थाले सदस्यहरुलाई गुणस्तरीय सेवा प्रदान गर्ने सोचका साथ अघि बढिरहेको छ। संस्थाले प्रवाह गरिएको सेवाको गुणस्तर, समिति, उप समिति र कर्मचारीको व्यवहार र शेयर सदस्यहरुको सन्तुष्टिको पहिचान गरी सदस्यहरुको राय, सुझाव र पृष्ठपोषणको आधारमा सेवा प्रवाहलाई अझै प्रभावकारी र सदस्य केन्द्रित बनाउनको लागि गत वर्ष देखी लागू गरिएको सदस्य सर्वेक्षण फारम भर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

## २५. तरलता व्यवस्थापन नीतिः

- संस्थालाई व्यवस्थित ढंगले सञ्चालन तथा सदस्यलाई आवश्यक परेको बेलामा बचत रकम भुक्तानी गर्न सहज हुने तरिकाले आ.ब. २०८१/८२ भर संस्थाले कुल बचतको कम्तिमा २० प्रतिशत तरलता कायम गर्ने नीति लिईने छ ।

## २८. दोहोरो सदस्यता नीति

- सहकारी ऐनमा कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एक भन्दा बढी संस्थाको सदस्य हुन नपाउने व्यवस्था रहेको हुँदा कुनै एक संस्थाको सदस्यता कायम राख्नु पर्ने भएकोले कसैले एक प्रकृतिका एक भन्दा बढी सहकारी संस्थाको सदस्यता लिनु भएको भए हाम्रो टेवा वहुउद्देश्यीय सहकारी संस्थाको मात्र सदस्यता कायम राखी अन्य संस्थाको सदस्य अन्त्य गर्नुहुन अनुरोध गर्ने नीति लिईनेछ। साथै दोहोरो सदस्यता अन्त्य गर्नका लागि सदस्यहरुलाई आवश्यकता अनुसार सूचना प्रकाशन गरिनेछ।

## आदरणीय शेयर सदस्य महानुभावहरू,

आजको यस सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रगति प्रतिवेदन एवम् वार्षिक नीति तथा कार्यक्रम, कोषाध्यक्षको आर्थिक प्रगती प्रतिवेदन तथा प्रस्तावित बजेट, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन र स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन सहितको वित्तीय विवरणहरू एवम् समितिको तर्फबाट राखिएका प्रस्तावहरू छलफल तथा विचार विमर्श गरी संस्थालाई रचनात्मक सल्लाह तथा सुझावहरु सहित परित गरिदिनुहुन सम्पूर्ण शेयर सदस्यहरूमा हार्दिक अनुरोध गर्दछु।

**अन्त्यमा,**

आफ्नो अमूल्य समय दिएर यस साधारण सभाको शोभा बढाउनको लागि उपस्थित प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरु शेयर सदस्य महानुभावहरु, सञ्चालक समितिका साथीहरु, लेखा सुपरिवेक्षण समितिका साथीहरु, सल्लाहकार महानुभावहरु, विभिन्न उप-समितिका साथीहरु, संस्थाका व्यवस्थापकज्यू तथा कर्मचारी वर्गहरुका साथै यस सभामा उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दै संस्था स्थापना कालदेखि संस्थाको विभिन्न पदमा रही प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुलाई धन्यवाद दिँदै आउँदै गरेको शुभ विजया दशमी, दीपावली, नेपाल सम्वत् ११४५ र छठ पर्व को हार्दिक मङ्गलमय शुभकामना ब्यक्त गर्दै विदा हुन चाहन्छु।

**धन्यवाद ! जय सहकारी ! जय टेवा !**

**लब कुमार खड्का**
अध्यक्ष

# टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको

**१७ औं वार्षिक साधारण सभामा कोषाध्यक्ष श्री अर्जुन चौलागाईंद्वारा प्रस्तुत**
**आ. व. २०८०/०८१ को आर्थिक प्रतिवेदन एवं आ.व. २०८१/०८२ को अनुमानित आय-व्यय विवरण**

यस संस्थाको १७ औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, संस्थाका सल्लाहकारज्यूहरु, सञ्चालक समितिका पदाधिकारीज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू र सदस्यज्यूहरु, विभिन्न उपसमितिका साथीहरु, सहकर्मी तथा पत्रकार मित्रहरु, सदस्यको सेवामा कर्तव्यनिष्ठ भई काम गर्नुहुने व्यवस्थापक एवम् कर्मचारी वर्गहरुका साथै यस गरिमामय सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा संस्थाको तर्फबाट एवम् मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन टक्र्याउन चाहन्छु ।

## संस्थालाई फर्केर हेर्दा (इतिहास)

आज भन्दा ठिक १८ वर्ष अघि ४० जना सदस्यहरूको भेलाबाट प्रति व्यक्ति एक-एक लाख शेयर पूँजी सङ्कलन गरी ललितपुर जिल्लाको साविकको धापाखेल, इमाडोल, हरिसिद्धि, ठैव र गोदावरी गा.वि.स.हरू लाई आफ्नो कार्यक्षेत्र बनाई २०६४ साल श्रावण १६ गते तत्कालीन डिभिजन सहकारी कार्यालय ललितपुरमा दर्ता भई २०६४ साल असोज १ गतेबाट विधिवत रुपमा कार्यालय स्थापना गरी ३ जना कर्मचारीबाट संस्थाले कारोवार शुरु गरेको हो । संस्थाले कम पूँजी तथा निम्न आय भएका श्रमिक, किसान, साना व्यापारी, उद्यमी र सर्वसाधारणलाई सदस्यता प्रदान गरी सदस्यको जीवनस्तर उकास्ने विविध किसिमका तालिमहरू उपलब्ध गराउनुका साथै समस्या समाधानका लागि छिटो र छरितो ढङ्गले ऋण प्रदान गर्दै आएकाछौं ।

## आदरणीय शेयर सदस्य महानुभावहरू,

विगत केही वर्षहरू देखी विश्व बजारमा देखा परेको आर्थिक मन्दीका कारण अस्थिर अर्थव्यवस्था भए पनि विभिन्न आरोह अवरोहहरुको सामना गर्दै यस टेवा बहुउद्देश्यीय सहकारी संस्थामा कुनै समस्या आउन नदिई अत्यन्तै सहज ढङ्गले यो १७ औं वार्षिक साधारण सभा गर्न पाउँदा हामी हर्षित र गौरवान्वित भएका छौं । यसरी संस्थाको अवस्थालाई सहजता प्रदान गर्ने तथा दरिलो र गर्विलो विश्वास व्यक्त गर्नुहुने सम्पूर्ण शेयर सदस्य महानुभावहरू प्रति हामी आभारी छौं । यहाँहरूले गर्नुभएको माया, प्रेम, सदभाव र विश्वासलाई जोगाई संस्थाको थप विकास, उन्नति र प्रगतिका लागि अविच्छिन्न रूपले लागिरहने प्रतिवद्धता समेत यहाँहरू समक्ष व्यक्त गर्न चाहन्छु । यहाँहरूले गर्नुभएको यही अभूतपूर्व विश्वास नै यस संस्थाको मूल धन हो र यही मूल धन नै हाम्रो संस्थाको सफलताको आधार हो ।

यहाँ सम्मको यात्रामा तपाईंहरूको अतुलनीय योगदानको लागि म हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । तपाईंहरूले संस्थाप्रति देखाउनु भएको विश्वासले नै आज हामी करिब डेढ अर्बको वासलात बनाउन सफल भएका छौं । हामी यहाँहरूको हितलाई ध्यानमा राखी आर्थिक स्थिति मजबुत पार्दै नीति नियमलाई समय सापेक्ष अनुसार परिमार्जन गर्दै हाम्रो सेवा सुविधाहरू अझ विस्तार गर्दै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छौं । यस महान अभियानमा संस्थाको विगत देखि वर्तमान अवस्थाको विश्लेषण, सिकाई, अनुभव र यहाँहरूले नै समय समयमा दिएको सल्लाह सुझावबाट अघिल्लो वर्षमा के कति आर्थिक उपलब्धी हासिल भए र आगामी वर्ष हामी कहाँ पुग्ने भनी अनुमानित बजेट यस गरिमामय सभामा प्रस्तुत गर्न गइरहेको छु ।

## १ सदस्यता सम्बन्धमा

सहकारी संस्थामा सदस्यहरूको भूमिका महत्वपूर्ण हुन्छ। यस संस्थाले सदस्यता विस्तार कार्यक्रमलाई प्राथमिकता दिँदै आएको छ। यसै क्रममा संस्थाको निम्न बमोजिम सदस्यतामा वृद्धि भएको जानकारी गराउँछु।

| आ.व.०८०।८१ को अनुमानित | आ.व.०८०।८१ को वास्तविक | लक्ष्य प्राप्ति प्रतिशत | वृद्धि प्रतिशत |
|---|---|---|---|
| ५६०० जना | ४३४१ जना | ७७।५२ | ४।१३ |

विगत ५ आर्थिक वर्षमा संस्थाको सदस्य सङ्ख्या विवरण :

| आर्थिक बर्ष | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|---|---|
| सदस्य संख्या | ११२३ | १२७७ | ३९६९ | ४१६९ | ४३४१ |

## २. शेयर पूँजी

सहकारी संस्थाको शेयर पूँजी महत्वपूर्ण विषय हो। संस्थाको ख्याती तथा सेवा प्रवाहका कारण शेयर पूँजीमा उल्लेख्य वृद्धि भएको छ। तर पनि पर्ल्स विश्लेषणको सूचकले संस्थाको अन्य सूचकहरू भन्दा शेयर पूँजीको वृद्धिदर अधिक देखिएको जानकारी गराउँदछु।

| आ.व.०८०।०८१ को अनुमानित | आ.व.०८०।०८१ को वास्तविक | लक्ष्य प्राप्ति प्रतिशत | वृद्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| ३१,००,००,०००/ | ३०,४९,२५,०००।०० | ९८।३६ | ९।०१ | |

## ३. कोषको विवरण :

संस्थाले बाँडफाँड गर्नु नपर्ने सम्पत्ति भनेको जगेडा कोष हो। संस्थाले नाफाबाट वर्षेनी २५ प्रतिशतका दरले यस कोषमा रकम जम्मा गर्दै आएको छ। विगत वर्षहरू झै यस वर्ष पनि संस्थाले कोष वृद्धि गरेको छ। विगत ५ वर्षको कोष रकम निम्न अनुसार रहेको छ।

क. जगेडा कोष

| आर्थिक बर्ष | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|---|---|
| जगेडा कोष | ३,३०,४४,८१६।९७ | ४,५०,७२,०२८।६० | ६,१८,८४,६४२।४३ | ८,९४,९८,५२२।०८ | १०,८३,४६,४७१।९१ |

ख. अन्य कोषहरु

| आर्थिक बर्ष | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|---|---|
| अन्य कोषहरु | ५,०४,७७,४१७।८८ | ५,२०,०१,०२८।५३ | ७,३८,११,१२९।५७ | ८,९५,५१,३३७।८० | ८,७५,०५,०९५।५३ |

## ४. निक्षेप/बचत सङ्कलनः

संस्थाको आर्थिक क्रियाकलापमा बचतको महत्वपूर्ण भूमिका रहेको हुन्छ । सदस्यहरूको बचतमा हुने सक्रिय सहभागिताबाटै सदस्य तथा संस्थाले प्रतिफल प्राप्त गर्न सक्ने हुँदा संस्थाले सञ्चालनमा ल्याएका बचत योजनाहरूमा सहभागी हुन समेत अनुरोध गर्दछु ।

| आ.व.०८०।०८१ को अनुमानित | आ.व.०८०।०८१ को वास्तविक | लक्ष्य प्राप्ति प्रतिशत | वृद्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १,०१,८७,४०,६२४।४८ | ८७,९०,९९,५३१।०४ | ८६।२९ | १२।२३ | |

गत ५ आर्थिक वर्षको बचत विवरण :

| आर्थिक बर्ष | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|---|---|
| बचत | ८४,६२,१९,८७३।८६ | १,०३,५३,९७,००५।२९ | ९७,००,१३,५९५।९५ | ७८,३०,६०,९६१।६९ | ८७,९०,९९,५३१।०४ |

## ५. बैंक तथा नगद हिसाब (तरलता)

संस्था सञ्चालनको लागि तरलता व्यवस्थापन गर्नुपर्ने भएकोले २०८१ असार मसान्त सम्ममा संस्थाको कुल तरलता रकम रु. १०,५८,३९,४७८।९८ रहेको छ । कुल बचतको तुलनामा उक्त तरलता अनुपात १२.०४% रहेको देखिन्छ भने मुद्दती निक्षेप रकम समेतलाई समावेश गर्दा संस्थाको तरलता २९.६७ % रहेको छ ।

गत ५ आर्थिक वर्षको तरलता विवरण :

| आर्थिक वर्ष | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|---|---|
| तरलता | २५,६८,९६,९१९।६५ | २४,०१,६५,२०१।८० | १४,०४,६०,४६१।४१ | १०,९४,९९,०७०।२४ | १०,५८,३९,४७८।९८ |

## ६. स्थिर सम्पति खरिद :

सदस्यहरुलाई सेवा प्रदान गर्न, कार्यालय आधुनिक, व्यवस्थित र सुरक्षित बनाउनको लागि स्थिर सम्पत्तिको आवश्यकता पर्दछ । शेयर सदस्य महानुभावहरु समक्ष आर्थिक वर्ष २०८०/०८१ मा खरिद गरेका स्थिर सम्पत्तिको विवरण पेश गर्न चाहन्छु ।

| क्र.सं. | खरिद मिति | सम्पत्तिको नाम | समुह | रकम |
|---|---|---|---|---|
| १ | २०८०.०४.१४ | जेनेरेटर ब्याट्री | जेनेरेटर | १९,०००.०० |
| २ | २०८०.०६.०८ | सुरक्षित अलार्म | कार्यालय उपकरण | ९६,५८६.७५ |
| ३ | २०८०.०६.१७ | पानी तान्ने मेशिन | अन्य सम्पत्ति | ७,००६.०० |
| ४ | २०८०.०८.११ | टेवल | फर्निचर तथा फिक्स्चर्स | १९,२१०.०० |
| ५ | २०८०.०८.१३ | दियो | अन्य सम्पत्ति | ६,७८६.०० |
| ६ | २०८०.०८.१३ | पानस | अन्य सम्पत्ति | ८,६८०.०० |
| ७ | २०८०.०९.०८ | हार्ड डिस्क | कम्प्युटर | १३,४००.०० |
| ८ | २०८०.०९.१९ | कम्प्युटर | कम्प्युटर | ३५,६००.०० |
| ९ | २०८०.१२.०८ | पैसा गन्ने मेशिन | कार्यालय उपकरण | २,०१,१४०.०० |

| | | | | |
|---|---|---|---|---|
| १० | २०८०.१२.१२ | स्पिकरको दराज | फर्निचर तथा फिक्स्चर्स | ८,४७५.०० |
| ११ | २०८१.०१.१३ | स्पिकर | कार्यालय उपकरण | १,७९,१००.०० |
| १२ | २०८१.०१.१३ | पंखा | कार्यालय उपकरण | ११,०००.०० |
| १३ | २०८१.०१.३० | प्रतीक्षा गर्ने कुर्सी | फर्निचर तथा फिक्स्चर्स | २८,२५०.०० |
| १४ | २०८१.०२.०७ | ल्यापटप किबोर्ड | कम्प्युटर | ७,१५०.०० |
| १५ | २०८१.०३.०९ | सफ्टवेयर (connect IPS) | सफ्टवेयर | १६,९५०.०० |
| १६ | २०८१.०३.१९ | सफ्टवेयर (Loan Follow Up) | सफ्टवेयर | १६,९५०.०० |
| १७ | २०८१.०३.१९ | पानी ट्याङ्की निमार्ण | भवन | ५,६६,३६१.६५ |
| १८ | २०८१.०३.२७ | पाइप | अन्य सम्पत्ति | १२,०००.६० |
| | | | जम्मा | १२,५३,६४६.०० |

| आ.व.०८०।०८१ को अनुमानित | आ.व.०८०।०८१ को वास्तविक | लक्ष्य प्राप्ति प्रतिशत | वृद्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| २,९०,७०,२६९।६७ | २,७७,७९,३३४।३८ | ९५।५६ | ०।३४ | |

विगत ५ आर्थिक वर्षमा संस्थाको स्थिर सम्पत्ति विवरण :

| आर्थिक बर्ष | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|---|---|
| स्थिर सम्पत्ति | २,९९,५६,२३७।६ | २,८७,२७,४५९।२७ | २,७८,०६,६४३।०८ | २,७६,८५,९७१।११ | २,७७,७९,३३४।३८ |

## ७. सदस्यहरुलाई कर्जा लगानी :

कर्जा लगानी सहकारी संस्थाको अत्यन्त संवेदनशील विषय हो। कर्जा लगानी नै संस्थाको मुख्य आम्दानीको स्रोत हो। लगानीको क्षेत्रमा समस्या र चुनौतीहरू थपिरहेको अवस्था छ। यद्यपि संस्थाले सुरक्षित कर्जा लगानीलाई प्राथमिकता दिँदै विभिन्न ऋण योजना अन्तर्गत सदस्यहरूको सहभागिता र उपलब्धि निम्न अनुसार रहेको छ।

| आ.व.०८०।०८१ को अनुमानित | आ.व.०८०।०८१ को वास्तविक | लक्ष्य प्राप्ति प्रतिशत | वृद्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १,४०,३९,४५,१८०।९३ | १,१३,६५,४९,२९३।७५ | ८०।९५ | ३।६२ | |

गत ५ आर्थिक वर्षको कर्जा लगानी विवरण :

| आर्थिक बर्ष | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|---|---|
| कर्जा लगानी | ८५,८४,१०,२६४।६८ | ७७,६१,५३,९०२।४६ | १,११,८१,२२,३०३।९८ | १,०९,६८,३२,१७२।६० | १,१३,६५,४९,२९३।७५ |

## ८. आम्दानी तर्फ

संस्थाको मुख्य आयस्रोत भनेको कर्जा लगानीबाट प्राप्त ब्याज रकम नै हो। त्यसकारण सदस्यज्यूहरुले पनि संस्थामा सक्रिय भई आर्थिक कारोबार गरी संस्था आम्दानी वृद्धि गर्ने कार्यमा सहभागी हुन समेत हार्दिक अनुरोध गर्दछु।

| आ.व.०८०।०८१ को अनुमानित | आ.व.०८०।०८१ को वास्तविक | लक्ष्य प्राप्ति प्रतिशत | कैफियत |
|---|---|---|---|
| २६,०५,४९,१२८।२८ | १९,७९,३६,०५०।१३ | ७५।९७ | |

गत ५ आर्थिक वर्षको आम्दानीको विवरण :

| आर्थिक बर्ष | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|---|---|
| आम्दानी | १४,९६,०५,५१४।२६ | १४,८१,०९,३८३।९५ | १७,६३,३६,६६६।४६ | २०,७८,०७,०१६।७३ | १९,७९,३६,०५०।१३ |

## ९. खर्च तर्फ

संस्थाले वित्तिय खर्च र अत्यावश्यक खर्च बाहेक अन्य खर्चको शीर्षकमा मितव्ययिता अपनाई कुल खर्च रकम ११ करोड ३२ लाख ४२ हजार १ सय ११ रुपैयाँ ३६ पैसामा सीमित राखेको छ ।

| आ.व.०८०।०८१ को अनुमानित | आ.व.०८०।०८१ को वास्तविक | लक्ष्य प्राप्ति प्रतिशत | वृद्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १३,३४,०३,८८०।७० | ११,३२,४२,१११।३६ | ८४।८९ | ०।२३ | |

गत ५ आर्थिक वर्षको खर्च विवरण :

| आर्थिक बर्ष | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|---|---|
| खर्च | १०,८५,६७,६७९।८२ | ९,८७,५९,८७८।९२ | १०,५९,९९,९५६।१६ | ११,२९,८६,५७५।५७ | ११,३२,४२,१११,३६ |

## १०. नाफा/ नोक्सान :

यस वर्ष पनि विगत वर्ष झैं यस टेवा बहुउद्देश्यीय सहकारी संस्थाले गरेको आर्थिक क्रियाकलापबाट खर्च कटाई लक्ष्यको ६६।६१ प्रतिशत मुनाफा आर्जन गर्न सफल भएको छ ।

| आ.व.०८०।०८१ को अनुमानित | आ.व.०८०।०८१ को वास्तविक | लक्ष्य प्राप्ति | कैफियत |
|---|---|---|---|
| १२,७१,४५,२४७।५८ | ८,४६,९३,९३८।७७ | ६६।६१ | |

गत ५ आर्थिक वर्षको नाफा नोक्सान विवरण :

| आर्थिक बर्ष | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|---|---|
| नाफा नोक्सान | ४,१०,३७,८३४।४४ | ४,९३,४९,५०५।०३ | ७,०३,३६,७१०।३० | ९,४८,२०,४४१।१६ | ८,४६,९३,९३८।७७ |

## ११. कुल सम्पति/दायित्व

आर्थिक वर्ष २०७९/०८० को तुलनामा यस आर्थिक वर्ष २०८०/०८१ मा कुल सम्पत्ति तथा दायित्व ९.२२ प्रतिशतले वृद्धि भई संस्थाको कुल कारोबार १ अर्ब ४४ करोड ७७ लाख ३३ हजार ९ सय ७४ रुपैयाँ ८४ पैसा पुगेको छ ।

| आ.व.०८०।०८१ को अनुमानित | आ.व.०८०।०८१ को वास्तविक | लक्ष्य प्राप्ति प्रतिशत | वृद्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १,६७,४७,०१,०००।१२ | १,४४,७७,३३,९७४।८४ | ८६।४५ | ९।२२ | |

गत ५ आर्थिक वर्षको खुद कुल सम्पत्ति/दायित्व विवरण :

| आर्थिक बर्ष | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|---|---|
| कुल सम्पति दायित्व | १,१६,३१,२६,९१७।९८ | १,३६,३९,५८,७०४।०२ | १,४२,६९,३५,५९८।७६ | १,३२,५५,६१,१६४।७८ | १,४४,७७,३३,९७४।८४ |

## १२. नेपाल सरकारलाई राजश्वमा योगदान

यस संस्थाबाट आर्थिक वर्ष २०८०/०८१ मा आयकर ऐन अनुसार कर योग्य मुनाफाको २०% आयकर सहित निम्न बमोजिमको कर आन्तरिक राजस्व कार्यालयमा दाखिला गरी राज्यको राजश्वमा योगदान पुर्याएको छौँ ।

| क.सं. | करको शिर्षक | कर रकम |
|---|---|---|
| १ | निक्षेप ब्याज कर | ५७,२९,८६७।९५ |
| २ | सामाजिक सुरक्षा कर | ५९,८९२।०१ |
| ३ | पारिश्रमिकमा आधारित कर | ४९,०८१।१६ |
| ४ | बैठक भत्ता कर | ७७,२२०।०० |
| ५ | प्रा.लि.कर | ६४,८३४।९८ |
| ६ | पारवहन कर | ३,८४,८८२।३५ |
| ७ | लाभांश कर | २४,७२,८९७।६७ |
| ८ | ज्याला कर | ५०।०० |
| ९ | लेखा परिक्षण कर | २,६५४।८६ |
| १० | भत्तामा कर | ६,६१५।०३ |
| ११ | भाडामा कर | ४९५।०० |
| १२ | आयकर | १,६९,७५,८२७।४२ |
| | जम्मा | २,५८,२४,३१८।४३ |

## १३. कोषको रकम वितरण तथा खर्च

संस्थाले आर्थिक वर्ष २०७९/०८० को मुनाफाबाट लाभांश र संरक्षित पूँजी फिर्ता कोष वितरण गरेको थियो भने कर्मचारीहरूलाई बोनस समेत वितरण गरेको थियो जुन तालिकामा यस प्रकार रहेको छ ।

| लाभांश | संरक्षित पूँजी फिर्ता कोष | कर्मचारी बोनस |
|---|---|---|
| ३,३४,३१,४१४।३८ | १,६०,२६,५३८।९९ | ४,९२,५६२।०० |

यस आर्थिक वर्षमा संस्थाले निम्न अनुसारको कोषमा रहेको रकम वितरण तथा खर्च गरी जगेडा कोषमा सारेको छ ।

| विवरण | वितरण तथा खर्च | जगेडा कोषमा सारेको |
|---|---|---|
| शेयर लाभांश कोष | (३,३४,३१,४१४.३८) | (१४,८३०.८६) |
| संरक्षित पूँजी फिर्ता कोष | (१,६०,२६,५३८.९९) | (७,१३५.६२) |
| कर्मचारी बोनस कोष | (४,९२,५६२.००) | (१८,९६,४५५.५२) |
| सहकारी शिक्षा कोष | (४,४५,२१४.९२) | - |
| संस्था विकास कोष | | |
| सहकारी प्रवर्द्धन कोष | (३,२०,६७३.४९) | |
| जम्मा | (५,०७,१६,४०३.७९) | (१९,१८,४२२.००) |
| घाटा पुर्ति कोषबाट पसलको लगानीमा घटाएको | (२,००,०००.००) | - |
| जम्मा | (५,०९,१६,४०३।७९) | (१९,१८,४२२।००) |

## सदस्य शिक्षा कोष

| क्र.सं. | कोष शिर्षक | विषय | लाभान्वित/ सहभागी | खर्च रकम |
|---|---|---|---|---|
| १ | सदस्य शिक्षा कोष | लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय गोष्ठी २०८० | लेखा सुपरिवेक्षण समिति संयोजक श्याम सुन्दर लामिछाने | ११,०००।०० |
| २ | सदस्य शिक्षा कोष | GOAML सम्बन्धी तालिम | कर्मचारी कविन्द्र कार्की | १,०००।०० |
| ३ | सदस्य शिक्षा कोष | कर्जा असुली सम्बन्धी तालिम | कर्मचारी रुपेश महर्जन | १,०००।०० |
| ४ | सदस्य शिक्षा कोष | बाल शेयर सदस्यहरूलाई सदर चिडियाखाना भ्रमण कार्यक्रम | बाल शेयर सदस्यहरू | ३७,९५४।०० |
| ५ | सदस्य शिक्षा कोष | तनाव व्यवस्थापन सम्बन्धी तालिम | संस्थाका सदस्य महानुभावहरू | ३१,५३०।०० |
| ६ | सदस्य शिक्षा कोष | अध्ययन, अवलोकन तथा भ्रमण | सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा अन्य उपसमितिहरू | ३,६२,७३०।९२ |

## १४. रकमान्तर बजेट रकमान्तर

यस संस्थाको आ.व. ०८०/०८१ मा प्रस्तावित अनुमानित बजेट मध्ये केहि शिर्षकमा बजेट कमी हुन गएकोले निम्न अनुसार रकमान्तर गरिएको छ ।

| शीर्षक | स्वीकृत बजेट | नपुग | बजेट रकमान्तर | रकमान्तर गरिने बजेट शिर्षक | कारण |
|---|---|---|---|---|---|
| वेबसाईट अद्यावधिक खर्च | १५,००० | ८,७३०.०० | ९,०००.०० | प्रविधि ईन्टरनेट खर्च | वेबसाईटलाई सहज र सरल बनाउँदा बढी खर्च हुन गएको । |
| स्मार्ट बैकिङ्ग खर्च | १,००,००० | ७,०९२.०१ | ८,०००.०० | प्रविधि ईन्टरनेट खर्च | संस्थाको स्मार्ट बैंकिङ्ग सुविधा प्रयोग गर्न सदस्यहरूको माग बढी भएको हुनाले । |
| साधारण सभा खर्च | ३०,००,००० | ३,०७,६७३.०५ | ३,५०,०००.०० | अध्ययन, अवलोकन, क्षमता अभिवृद्धि, भ्रमण खर्च | मुल्य वृद्धिका कारण खर्च बढि भएको हुनाले । |
| सम्मान खर्च (ज्येष्ठ नागरीक) | ६०,००० | १७,७४५.०० | २०,०००.०० | रक्तदान,स्वास्थ्य परिक्षण तथा जनचेतना खर्च | मुल्य वृद्धिका कारण खर्च बढि भएको हुनाले । |
| कर्मचारी बिमा खर्च | २९,४०० | ४१,८३३.५० | ४२,०००.०० | कर्मचारी तलब खर्च | बजेटमा व्यवस्था गरिएको रकम नपुग रहेको हुनाले । |
| समवेदना खर्च | ०.०० | ३३,४२२.५० | ३५,०००.०० | कार्यालय सजावट खर्च | बजेटमा व्यवस्था नगरिएको हुनाले । |

## PEARLS Monitorning System (2081/03/31)

| Pearls | उद्देश्य | लक्ष्य | वर्तमान अवस्था |
|---|---|---|---|
| P = Protection : सुरक्षण | | | |
| P1 | १२ महिना भन्दा वढि समय भाखा नाघेको ऋणमा सुरक्षण | १०० % | १०० |
| P2 | १ देखी १२ महिना भाखा नाघेको ऋणमा सुरक्षण | ३५ % | ३५ |
| P2X | असल ऋणको लागि व्यवस्था | १ % | १ |
| E = Effective Financial Structure : प्रभावकारी वित्तिय संरचना | | | |
| E1 | कूल सम्पत्तिको अनुपातमा शुद्ध ऋण | ७० देखी ८०% | ७७१९० |
| E5 | कूल सम्पत्तीको अनुपातमा बचत | ७० देखी ८०% | ६०।७२ |

| | | | |
|---|---|---|---|
| E6 | कूल सम्पत्तीको अनुपातमा वाह्य ऋण | वढिमा ५% | ०।०० |
| E7 | कूल सम्पत्तीको अनुपातमा शेयर | वढिमा २०% | २१।०६ |
| E8 | कूल सम्पत्तीको अनुपातमा संस्थागत पूँजी | कम्तिमा १०% | ८।०९ |
| A =Assets Quality : सम्पतिको गुणस्तर | | | |
| A1 | कूल ऋणको अनुपातमा भाखा नाघेको ऋण | वढिमा ५% | ०।७७ |
| A2 | कूल सम्पत्तिको अनुपातमा नकमाउने सम्पत्तिको प्रतिशत | वढिमा ५% | ३।०७ |
| R = Rate of Return : प्रतिफल | | | |
| R9 | औषत कूल सम्पत्तिको अनुपातमा संचालन खर्च | वढिमा ५% | १।०४ |
| R12 | औषत कूल सम्पत्तिको अनुपातमा खुद आय | कम्तिमा १०% | ४।८८ |
| L = Liquidity: तरलता | | | |
| L1 | जम्मा बचतको अनुपातमा तरलता | कम्तिमा १५% | २९।७५ |
| L3 | कुल सम्पत्तिको अनुपातमा नकमाउने तरल सम्पत्ति | वढिमा १% | ०।४४ |
| S = Sign of Growth : वृद्धिको संकेत | | | |
| S10 | सदस्यता वृद्धि अनुपात | घटिमा १५% | ४।१३ |
| S11 | सम्पति वृद्धि अनुपात | मुल्य वृद्धि दर भन्दा वढि १०% भन्दा वढि) | ९।२२ |

आदरणीय शेयर सदस्य महानुभावहरु,

अब म गत आ.व.२०७९।०८० र २०८०।०८१ तुलनात्मक वित्तिय झलक प्रस्तुत गर्न अनुमति चाहन्छु ।

| शीर्षक | आ.व.२०७९।०८० | आ.व.२०८०।०८१ |
|---|---|---|
| शेयर पाूजी | २७,९७,३०,८००।०० | ३०,४९,२५,०००।०० |
| जगेडा कोष तथा अन्य कोष | १७,९०,४९,८५९।८८ | १९,५८,५१,५६७।४४ |
| विविध कोष | ५९,७८,६६५।३२ | ६२,४३,८७४।२६ |
| बाह्य ऋण | २,८४,९०,१७०।४८ | ०।०० |
| निक्षेप (डिपोजिट) | ७८,३०,६०,९६१।६९ | ८७,९०,९९,५३१।०४ |
| अन्य दायित्व तथा व्यवस्था | ४,९२,५०,७०७।४२ | ६,१६,१४,००२।०९ |
| **जम्मा** | **१,३२,५५,६१,१६४।७८** | **१,४४,७७,३३,९७४।८४** |

| | | |
|---|---|---|
| नगद तथा बैंक मौज्दात | १०,९४,९९,०७०।२४ | १०,५८,३९,४७८।९८ |
| ऋण लगानी | १,०९,६८,३२,१७२।६० | १,१३,६५,४९,२९३।७५ |
| स्थिर सम्पत्ति | २,७६,८५,९७१।११ | २,७७,७९,३३४।३८ |
| अन्य सम्पत्ति | ९८,१४,८३२।३२ | १,०२,३७,२३७।०३ |
| मुद्दती तथा शेयर लगानी | ८,१७,२९,११८।५१ | १६,७३,२८,६३०।७० |
| **जम्मा** | **१,३२,५५,६१,१६४।७८** | **१,४४,७७,३३,९७४।८४** |

नोटः मूल विषयको विस्तृत विवरण लेखा परिक्षकको अनुसूचीबाट देखिने भएकोले सो सम्बन्धमा लेखा परिक्षकको प्रतिवेदनमा संम्लग्न भएको अनुसूची अध्ययन गर्नुहुन अनुरोध गर्दछु ।

## आदरणीय शेयर सदस्य महानुभावहरू,

आर्थिक वर्ष २०८१।०८२ मा संस्थाले अवलम्बन गर्ने नीति तथा कार्यक्रमहरुको विवरण अध्यक्षज्यूको प्रतिवेदनमा पेश भएको व्यहोरा अनुरोध गर्दै विगत वर्षहरुको प्रगति समीक्षा, शेयर सदस्यहरूको आवश्यकता, माग र चाहना, प्रतिस्पर्धी बजार, सहयोगी निकायबाट उपलब्ध हुन सक्ने सहयोगको आधार मानी आ.व. २०८१/०८२ को लागि यो प्रस्तावित लक्ष्य तथा बजेट, आय विवरण र प्रस्तावित वासलात विवरण तयार परिएको छ ।

## लक्ष्यः

यस आ.व.०८१/०८२ को अन्तसम्ममा संस्थाले राखेको लक्ष्य निम्न अनुसार रहेको छ ।

- शेयर पूँजीतर्फ रू. ३०,४९,२५,०००.०० बाट बढाई रू ३१,००,००,०००.०० पुऱ्याउने लक्ष्य रहेको छ ।
- ऋण लगानीतर्फ रू. १,१३,६५,४९,२९३.७५ बाट बढाई रु. १,३७,००,००,०००.०० पुऱ्याउने लक्ष्य रहेको छ ।
- बचत संकलनतर्फ रू. ८७,९०,९९,५३१.०४ बाट बढाई रु. १,०८,००,००,०००.०० पुऱ्याउने लक्ष्य रहेको छ ।
- आम्दानी तर्फ जम्मा आम्दानी रू. २२,४१,६७,२००.०० पुऱ्याउने लक्ष्य रहेको छ भने खर्चतर्फ यस आ.व.को अन्त सम्ममा रू ११,२१,३६,०००.०० मा सिमित गरि आ.व. २०८१/०८२ को मुनाफा रू. ११,२०,३१,२००.०० पुऱ्याउने लक्ष्य रहेको छ

अब म आ.व. ०८१/०८२ को प्रस्तावित लक्ष्य तथा बजेट, आय विवरण र प्रस्तावित वासलात विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| विवरण | आ.व. २०८०।०८१ को वास्तविक | आ.व. २०८१।०८२ को अनुमानित |
|---|---|---|
| नगद | ६४,१६,८९०।०६ | ६६,००,०००।०० |
| बैंक मौज्दात | ९,९४,२२,५८८।९२ | १३,००,००,०००।०० |
| कर्जा लगानी | १,१३,६५,४९,२९३।७५ | १,३७,००,००,०००।०० |
| स्थिर सम्पत्ति | २,७७,७९,३३४।३८ | २,९०,००,०००।०० |
| अन्य सम्पत्ति | १,०२,३७,२३७।०३ | ३,५०,००,०००।०० |

| | | |
|---|---|---|
| शेयर तथा आवधिक लगानी | १६,७३,२८,६३०।७० | १५,००,००,०००।०० |
| **जम्मा सम्पत्ति** | **१,४४,७७,३३,९७४।८४** | **१,७२,०६,००,०००।००** |
| | | |
| शेयर पूँजी | ३०,४९,२५,०००।०० | ३१,००,००,०००।०० |
| जगेडा तथा अन्य कोषहरु | १९,५८,५१,५६७।४४ | २४,००,००,०००।०० |
| विविध कोषहरु | ६२,४३,८७४।२६ | ६६,००,०००।०० |
| बचत निक्षेप | ८७,९०,९९,५३१।०४ | १,०८,००,००,०००।०० |
| अन्य दायित्व | ६,१६,१४,००२।०९ | ८,४०,००,०००।०० |
| **जम्मा पूँजी तथा दायित्व** | **१,४४,७७,३३,९७४।८३** | **१,७२,०६,००,०००।००** |
| **वित्तिय कारोबार बाट आम्दानी** | | |
| ब्याज आम्दानी | १६,८४,६५,०४९।०८ | १८,९५,००,०००।०० |
| बैंक ब्याज आम्दानी | १,२५,२१,८२०।९२ | २,००,००,०००।०० |
| हर्जाना आम्दानी | ९६,७३,९६५।४९ | ५०,००,०००।०० |
| सेवा शुल्क आम्दानी | ५४,५९,७६२।५० | ६५,२५,०००।०० |
| लगानीबाट लाभांश आय आम्दानी | ८०,०१०।६० | १२,००,०००।०० |
| **खुद ब्याज आम्दानी** | **१९,६२,००,६०८।५९** | **२२,२२,२५,०००।००** |
| **अन्य आम्दानीका स्रोत** | | |
| प्रवेश शुल्क | ११,८००।०० | २०,०००।०० |
| कर्जा आवेदन शुल्क | ५४,२००।०० | ७०,०००।०० |
| रेमिट आम्दानी | ९६,६६९।२७ | १,५०,०००।०० |
| खाता बन्द शुल्क | १८,९५०।०० | ०।०० |
| घर भाडा आम्दानी | १२,४८,०००।०० | १३,३१,२००।०० |
| चेक कलेक्सन चार्ज | ४,५७५।०० | १०,०००।०० |
| ई सेवा सर्भिस आम्दानी | २०५।२० | १,०००।०० |
| विविध आम्दानी | १,९२,८३९।०० | २,२०,०००।०० |
| गणेशमान सिंह मेमोरियल हस्पीटल एण्ड रिसर्ज सेन्टर आम्दानी | २५,०००।०० | ३०,०००।०० |
| स्मार्ट बैंकिङ्ग आम्दानी | ८३,२०३।०७ | १,००,०००।०० |
| **जम्मा अन्य आम्दानीका स्रोत** | **१७,३५,४४१।५४** | **१९,३२,२००।००** |
| **जम्मा आम्दानी** | **१९,७९,३६,०५०।१३** | **२२,४१,६७,२००।००** |
| **वित्तिय खर्च** | | |

| | | |
|---|---|---|
| निक्षेपमा ब्याज खर्च | ९,१५,७१,७८६।८६ | ८,९७,००,०००।०० |
| बाह्य ऋण ब्याज राष्ट्रिय सहकारी बैक | २४,६६,७१५।०६ | ०।०० |
| जोखिम कोष व्यवस्था खर्च | १८,८१,७०४।३२ | ३०,००,०००।०० |
| ब्याज छुट खर्च | ४,१४,२०७।८७ | ०।०० |
| हर्जानामा छुट खर्च | २४,९२,३१०।१९ | ०।०० |
| **जम्मा ब्याज खर्च** | **९,८८,२६,७२४।३०** | **९,२७,००,०००।००** |
| **कर्मचारी खर्च** | | |
| कर्मचारी तलब खर्च | ५३,०४,४७८।९५ | ५७,००,०००।०० |
| कर्मचारी दशैं खर्च | २,९३,४४७।०० | ३,५०,०००।०० |
| कर्मचारी बिमा खर्च | ७१,२३३।५० | ५०,०००।०० |
| कर्मचारी उपदान व्यवस्था खर्च/सामाजिक सुरक्षा कोष | २,६५,२०८।९४ | २,८५,०००।०० |
| ओभर टाईम खर्च | ०।०० | ५०,०००।०० |
| कर्मचारी पोशाक खर्च | १,८२,०००।०० | १,००,०००।०० |
| कर्मचारी आवश्यकता विज्ञापन खर्च | ०।०० | ३०,०००।०० |
| कर्मचारी वृत्ति विकास तथा तालिम खर्च | ९३,०००।०० | १,१०,०००।०० |
| **जम्मा कर्मचारी खर्च** | **६२,०९,३६८।३९** | **६६,७५,०००।००** |
| **प्रशासनिक खर्च** | | |
| **सूचना, प्रविधि तथा सञ्चार महशुल खर्च** | | |
| टेलिफोन खर्च | २१,७२५।५० | ३०,०००।०० |
| पत्र पत्रिका खर्च | ५,३७५।०० | १०,०००।०० |
| केवल च्यानल खर्च | ४,२००।०० | ५,०००।०० |
| प्रविधि ईन्टरनेट खर्च | १,५१,७७०।३० | २,०५,०००।०० |
| वेबसाईट अद्यावधिक खर्च | २३,७३०।०० | ३०,०००।०० |
| सफ्टवेयर खर्च | ९५,०६०।०४ | १,२५,०००।०० |
| एस.एम.एस खर्च | १,६९५।०० | ३०,०००।०० |
| स्मार्ट बैकिङ्ग खर्च | १,०७,०९२।०१ | २,००,०००।०० |
| **जम्मा** | **४,१०,६४७।८५** | **६,३५,०००।००** |
| **ईन्धन खर्च** | | |
| स्कुटर ईन्धन खर्च | १२,०५५।०० | ३५,०००।०० |
| जेनेरेटर ईन्धन खर्च | ९,६८०।०० | २०,०००।०० |
| **जम्मा** | **२१,७३५।००** | **५५,०००।००** |

| पानी तथा विजुली खर्च | | |
|---|---|---|
| पिउने पानी खर्च | ४८,०४५।०० | ५०,०००।०० |
| विद्युत महशुल खर्च | १,७२,५२८।०० | २,४०,०००।०० |
| जम्मा | २,२०,५७३।०० | २,९०,०००।०० |
| **सीप विकास, जनचेतना, तालिम तथा गोष्ठी सम्बन्धी खर्च** | | |
| सदस्यता विस्तार तथा घरदैलो कार्यक्रम खर्च | ०।०० | १,००,०००।०० |
| अध्ययन, अवलोकन, क्षमता अभिवृद्धि तथा भ्रमण खर्च | ०।०० | १,५०,०००।०० |
| वातावरण सरसफाई तथा वृक्षारोपण खर्च | ०।०० | ५०,०००।०० |
| महिला सिप विकाश तालिम खर्च | ०।०० | १,००,०००।०० |
| शुभकामना, बजारीकरण तथा संस्था प्रवर्द्धन खर्च | ०।०० | ४,५०,०००।०० |
| भ्रमण खर्च | ०।०० | ५०,०००।०० |
| जम्मा | ०।०० | ९,००,०००।०० |
| **सामाजिक उत्तरदायित्व तथा कार्यक्रम खर्च** | | |
| साधारण सभा खर्च | ३३,०७,६७३।०५ | ३३,२०,०००।०० |
| सम्मान खर्च (संस्थापक शेयर सदस्य तथा ज्येष्ठ नागरीक) | ७७,७४५।०० | १,००,०००।०० |
| रक्तदान, स्वास्थ्य परिक्षण तथा जनचेतना खर्च | १,०२,५८२।८९ | १,५०,०००।०० |
| अन्तराष्ट्रिय सहकारी दिवस खर्च | ०।०० | १५,०००।०० |
| सहकारी दिवस खर्च | ०।०० | ३०,०००।०० |
| वार्षिकोत्सव खर्च | २४,४२५।०० | १,२५,०००।०० |
| जम्मा | ३५,१२,४२५।९४ | ३७,४०,०००।०० |
| **मर्मत संभार खर्च** | | |
| सवारी साधन मर्मत संभार खर्च | ९,४२०।०० | ३०,०००।०० |
| भवन मर्मत संभार खर्च | १,२१,४९७।६७ | ३,००,०००।०० |
| कार्यालय उपकरण मर्मत संभार खर्च | ५१,२८४।०० | २,००,०००।०० |
| अन्य मर्मत तथा संभार खर्च | ८,८६५।०० | ५०,०००।०० |
| जम्मा | १,९१,०६६।६७ | ५,८०,०००।०० |
| **पदाधिकारी खर्च** | | |
| सञ्चालक तथा लेखा सुपरिवेक्षण समिति बैठक भत्ता खर्च | ३,७८,०००।०० | ५,००,०००।०० |
| बैठक खर्च | ४०,३१०।०० | १,००,०००।०० |
| उप समिति बैठक भत्ता खर्च | १,३६,८००।०० | २,००,०००।०० |
| पदाधिकारी पोशाक खर्च | ०।०० | ४,००,०००।०० |
| जम्मा | ५,५५,११०।०० | १२,००,०००।०० |

| | | |
|---|---|---|
| **आन्तरिक सुरक्षा तथा लेखा परिक्षण खर्च** | | |
| सुरक्षा खर्च | ७,४८,०६०।०० | ७,९५,०००।०० |
| सुरक्षा तथा एण्टी भाईरस खर्च | ०।०० | २,२५,०००।०० |
| लेखा परिक्षण शुल्क | २,००,०००।०० | २,००,०००।०० |
| आन्तरीक लेखा परिक्षण/अभिलेख व्यवस्थापन र सहकारी व्यवस्थापन खर्च | ०।०० | २,००,०००।०० |
| स्थिर सम्पत्तिमा बिमा खर्च, राजश्व खर्च, बिमा प्रिमियम खर्च | १,६५,७८५।५५ | २,५०,०००।०० |
| **जम्मा** | ११,१३,८४५।५५ | १६,७०,०००।०० |
| **अन्य प्रशासनिक खर्च** | | |
| सदस्य भेटघाट तथा सहानुभूति खर्च | ३३,४२२।५० | ५०,०००।०० |
| मसलन्द तथा छपाई खर्च | १,६४,१३१।२९ | २,५०,०००।०० |
| क्यालेण्डर छपाई खर्च | १,६८,८५०।०० | २,००,०००।०० |
| सदस्यता नविकरण शुल्क/बैंक कमिशन तथा चार्ज खर्च | ५,९१२।०० | २०,०००।०० |
| ह्रास कट्टी खर्च | ११,६०,२८२।७३ | १२,५०,०००।०० |
| ज्याला खर्च | ०।०० | ६०,०००।०० |
| मालपोत खर्च | १४,१००।०० | ६०,०००।०० |
| वार्षिक खाताबन्दी खर्च | ०।०० | ३६,०००।०० |
| चेक कलेक्सन खर्च | ५,०९५।०० | २५,०००।०० |
| आर्थिक तथा कानुनी परामर्श खर्च | ५६,५००।०० | १,५०,०००।०० |
| कार्यालय सरसफाई खर्च | २३,११५।०० | ५०,०००।०० |
| कार्यालय अतिथि तथा अभ्यागत खर्च | २,६५,६९०।५० | ४,००,०००।०० |
| बाल बचत योजना खर्च | १,११,७९५।६४ | २,००,०००।०० |
| रंगरोगन खर्च | ०।०० | ३,००,०००।०० |
| शुभकामना तथा चियापान खर्च | ०।०० | ५०,०००।०० |
| ग्याँस रिफिल खर्च | २१,३४०।०० | ४०,०००।०० |
| दिपावली तथा पुजा खर्च | १३,०१०।०० | ५०,०००।०० |
| होर्डिङ बोर्ड खर्च | ०।०० | ३०,०००।०० |
| कार्यालय सजावट खर्च | १४,०५०।०० | ५०,०००।०० |
| टोनर रिफिल खर्च | ४४,९४०।०० | १,००,०००।०० |
| नखप्ने सामान खर्च | ५९,३८६।०० | १,००,०००।०० |
| भैपरी खर्च | ०।०० | २०,०००।०० |
| कर्जा निरीक्षण तथा ताकेता खर्च | ८,५०९।०० | १,००,०००।०० |
| स्वास्थ्य जन्य प्रकोप, महामारी तथा अन्य स्वास्थ्य आपतकालिन खर्च | ०।०० | ५०,०००।०० |
| विविध खर्च | १०,४८५।०० | ५०,०००।०० |
| **जम्मा** | २१,८०,६१४।६६ | ३६,९१,०००।०० |

| | | |
|---|---|---|
| जम्मा प्रशासनिक खर्च | ८२,०६,०१८।६७ | १,२७,६१,०००।०० |
| जम्मा ब्याज खर्च, प्रशासनिक खर्च तथा कर्मचारी खर्च | ११,३२,४२,१११।३६ | ११,२१,३६,०००।०० |
| आयकर व्यवस्था अधिको मुनाफा | ८,४६,९३,९३८।७७ | ११,२०,३१,२००।०० |
| आयमा समावेश गर्नु नपर्ने रकम (लाभांस आम्दानी) | (८०,०१०।६० | (१५,००,०००।०० |
| **जम्मा करयोग्य आम्दानी** | **८,४६,१३,९२८।१७** | **११,०५,३१,२००।००** |
| **आयकर खर्च (क)** | **१,६९,२२,७८५।६३** | **२,२१,०६,२४०।००** |
| समायोजन उपदान खर्चको २० प्रतिशत (ख) | ५३,०४१।७९ | ५७,०००।०० |
| कुल आयकर व्यवस्था (क) र (ख) को जोड | १,६९,७५,८२७४२ | २,२१,६३,२४०।०० |
| लगानीबाट लाभांश आय | ८०,०१०।६० | १५,००,०००।०० |
| बाँडफाँड हिसाबमा सारेको नाफा | ६,७७,१८,१११।३५ | ८,९८,६७,९६०।०० |
| **सदस्य संख्या** | ४,३४१।०० | ४,७७५।०० |

**अन्त्यमा,**

आजको यस वार्षिक साधारण सभाको अवसरमा सहकारी संस्थामा आबद्ध सम्पूर्ण शेयर सदस्यहरू प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । समयमै लेखापरीक्षण कार्य सम्पन्न गरी सहकारी संस्थालाई आवश्यक सुझावहरू समेत दिने वाह्य लेखापरीक्षक तथा लेखा सुपरिवेक्षण समितिलाई सञ्चालक समितिको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । यस सहकारी संस्थालाई सफल बनाउन सहयोग गर्नुहुने शुभचिन्तक महानुभावहरु, शेयर सदस्य महानुभावहरू, व्यवस्थापक एवम् कर्मचारी वर्गहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । हाम्रो सहकारी संस्थालाई सर्वोत्कृष्ट बनाउनको लागि विगतमा झैं आउँदा दिनहरूमा पनि यँहाहरूबाट अमूल्य सल्लाह सुझाव तथा शुभेच्छाको अपेक्षा गर्दै, आउँदा दिनहरूलाई अझ उपलब्धिमूलक बनाउने प्रण गर्दछु । यस आर्थिक प्रतिवेदन र अनुमानित बजेट माथि छलफल गरी रचनात्मक सुझाव सहित पास गरिदिनुहुन्छ भन्ने विश्वास लिँदै आउँदै गरेको शुभ विजया दशमी, दिपावली, नेपाल सम्वत् ११४५ र छठ पर्वको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दै बिदा हुन चाहन्छु ।

**धन्यवाद ! जय सहकारी ! जय टेवा !**

**अर्जुन चौलागाईं**
**कोषाध्यक्ष**

# टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,

ल.पु.म.न.पा.-२३, टेवाचोक, हात्तिवन, ललितपुर

लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन

आदरणीय शेयर सदस्य ज्युहरु,
टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,
ल.पु.म.न.पा.-२३, टेवाचोक, हात्तिवन, ललितपुर ।
सत्रौं वार्षिक साधारण सभा

यस गरिमामय सभाका सभाध्यक्षज्यू, सल्लाहकारज्यूहरु, संचालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, विभिन्न उपसमितिका मित्रहरु र सम्पूर्ण कर्मचारीहरुका साथ साथै यस गरिमामय सभामा उपस्थित हुनुभएका सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक सहकारी अभिवादन ब्यक्त गर्दछौं ।

## आदरणीय सदस्य महानुभावहरू,

कुनै पनि संगठनको सुसञ्चालन र सफलताको लागि यसको नीति, विधि र सो अनुसारको सञ्चालन प्रक्रिया सुशासन युक्त र पारदर्शी हुन अत्यन्त आवश्यक छ। सहकारी संस्थालाई सक्षम, व्यवसायिक र सबल बनाउन सहकारी ऐन, नियम, मापदण्ड तथा संस्थाको विनियम अनुसार संस्था भित्र छुट्टै सुपरिवेक्षकका अंगको रुपमा लेखा सुपरिवेक्षण समितिको व्यवस्था गरिएको यहाँहरूलाई अवगत नै छ ।

संस्थाको आर्थिक गतिविधि, सञ्चालन प्रक्रियामा कतैबाट त्रुटि र कमजोरी नहोस्, कथंकदाचित भै हालेमा पनि त्यसलाई समयमै सुधार गर्ने र आगामी दिनमा पुनः नदोहोरिऊन् भन्ने तर्फ लेखा सुपरिवेक्षण समितिले आन्तरिक सुपरिवेक्षण प्रक्रियामा सदैव आफ्नो ध्यान केन्द्रित गरेको छ। लेखा सुपरिवेक्षण समितिको तर्फबाट संस्थाको क्रियाकलाप सञ्चालनका क्रममा सहकारी ऐन, सम्बन्धित नियम, विनियम अन्तर्गत पालना गर्नुपर्ने नियमहरू पालना भए नभएको, विभिन्न समितिहरूको निर्णय अध्ययन, कर्जा गुणस्तर, आर्थिक सुशासन एवं पारदर्शिता, कर्जा लगानी पूर्णताको जाँच परिक्षण, आन्तरिक एवं बाह्य लेखापरीक्षण प्रतिवेदनको अध्ययन तथा विश्लेषण मार्फत नियमित सुधारका लागि सुझाव दिने गरिएको छ ।

प्रदेश सहकारी ऐन २०७६ को दफा ४४ बमोजिम गठन भई सोही ऐनको दफा ४५ ले निर्दिष्ट गरेको काम, कर्तव्य तथा अधिकार बमोजिम प्रत्येक चौमासिक रुपमा सहकारी संस्थाको आन्तरिक लेखा परीक्षण, निरीक्षण तथा अनुगमन गरी सो को प्रतिवेदन उपर सञ्चालक समिति सँग बुँदागत रुपमा छलफल गरिएको व्यहोरा जानकारी गराउँदै उक्त प्रतिवेदनमा सुझाइएका कतिपय विषयहरू सञ्चालक समिति बाट सम्भव भए सम्म तत्काल कार्यान्वयनको निर्देशन दिइएको र कतिपय विषयहरू कार्यान्वयनको चरणमा रहेको व्यहोरा अनुरोध गर्दछौँ । केही विषयहरू जसलाई यस सम्मानित साधारण सभाले घनिभूत रुपमा छलफल गरी सञ्चालक समितिलाई निर्देशित गर्नुपर्ने ब्यहोरा समेत अनुरोध गर्दछौँ ।

लेखा सुपरिवेक्षण समितिले औंल्याएका यस्ता विषयहरू समेटिएको यस आ.ब. २०८०/०८१ को वार्षिक प्रतिवेदन लिएर यहाँहरू समक्ष उपस्थित भएका छौं ।

हामीले हाम्रो यस संस्थाले गरेका लगानीहरू उपर अध्ययन गर्दा, गरिएका लगानीबारेमा लिइएको धितो बन्धकीको अवस्था, ऋण लगानीमा गरिएको कागजी प्रकृयाहरू, धितो मूल्याङ्कन कर्ताको प्रतिवेदन र सम्बन्धित ऋणीले देखाउनु भएको आर्थिक पारदर्शिता समेतको अध्ययन गर्यौं । जसमा सञ्चालक समितिद्धारा असार

मसान्त भित्र ब्याज बुझाउनु हुने ऋणी सदस्य ज्यूहरूलाई पाकेको ब्याजमा केही प्रतिशत छुटको व्यवस्था गरेको र उक्त छुट सुविधा प्रदान गरिएको छ , त्यस्तै समयमा साँवा तथा ब्याज बुझाउन छुट्नु भइ हर्जाना तिर्नुपर्ने अवस्थाका ऋणी सदस्यहरूलाई दिइएको ५० प्रतिशत हर्जाना छुटको व्यवस्थाको समेत ऋणी सदस्यहरूले लाभ पाउनु भएको छ । तरलता व्यवस्थापनका लागि सञ्चालक समितिले निश्चित प्रतिशतको रकम सदैव संस्था सँग रहने गरी व्यवस्थापन गरेको हामीले पाएका छौं र तोकिएको प्रतिशतलाई कायम राख्नका लागि सुझाव समेत दिएका छौं ।

यसरी तरलता व्यवस्थापन गर्न र अधिक भन्दा अधिक गुणस्तरीय ऋण लगानी तथा ऋण असुल उपर समेत गरी संस्थाको शान उच्च राख्दै शेयर सदस्य ज्यूहरूलाई अधिक मुनाफा वितरण गर्नु दोहोरो चुनौती सञ्चालक समिति सामु देखिन्छ । यो चुनौती माथि सफलता पाउनका लागि संस्थाको तर्फबाट ऋणी सदस्यहरूलाई दिन सकिने सेवा सुविधाका बारेमा सञ्चालक समितिमा छलफल भएको र समयमा भुक्तानी गर्नुहुने ऋणी सदस्यहरूको ब्याजदरमा छुट सुविधाको व्यवस्था गरिएको हामीले पाएका छौँ । सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा आफ्नो सम्पूर्ण बचत कारोबार संस्था मार्फत गर्नुहुन यहाँहरूले कबुल गरेको मासिक बचत रकम समयमै गर्नुहुन तथा आवश्यकता अनुसारको ऋण कारोबार समेत संस्था मार्फत गर्नुहुन हार्दिक अनुरोध गर्न चाहन्छौँ ।

सम्पुर्ण कर्मचारीहरुलाई उत्प्रेरणात्मक (Motivational) र आफ्नो जिम्मेवारी संग सम्बन्धित तालिमहरु उपलब्धता का आधारमा आंशिक रुपमा दिइएको हामीले पाएका छौं । अझै सबै कर्मचारीहरु समेटिने गरी व्यवहारिक तथा कार्यालयगत तालिमहरुको आवश्यकता हामीले देखेका छौं ।

यस आर्थिक वर्षका लागि संस्थाले राखेका लक्ष्यहरू केही पूर्ण भएका छन् भने कतिपय लक्ष्य प्राप्तिका लागि अझै ठोस योजनाका साथ मेहनत गर्नुपर्ने देखिएको छ ।

## १. अघिल्लो साधारण सभाको निर्णयको कार्यान्वयनको अवस्था :-

सम्पूर्ण आदरणीय शेयर सदस्य ज्यूहरूमा सोह्रौं (१६औं) वार्षिक साधारण सभामा पेश भई पारित भएका अध्यक्ष ज्यूको प्रतिवेदन, कोषाध्यक्ष ज्यूको आर्थिक प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदन र लेखा सुपरिवेक्षण समितिको प्रतिवेदनहरू मध्ये देहायका विषयहरू कार्यान्वयन भएको वा नभएको पाइयो ।

- शेयर सदस्य संख्याको लक्ष्य ७७।५२% प्राप्त भएको पाइयो ।
- कर्जा लगानीका लागि लिइएको लक्ष्य ८०।९५% प्राप्त गरिएको छ ।
- निक्षेप डिपोजिटको लक्ष्य ८६।२९% प्राप्त भएको छ ।
- शेयर पूँजीको लागी लिइएको लक्ष्य ९८।३६% प्राप्त भएको छ ।
- नाफाको लागी लिइएको लक्ष्य ६६।६१% प्राप्त भएको छ ।
- घरदैलो सेवा कार्यक्रम पहिलेकै रुपमा निरन्तरता दिइएको हामीले पाएका छौं ।
- भाखा नाघेको कर्जाको हकमा छुट्याउनुपर्ने १ %, ३५%, र १००% सबै रकमहरू नियमानुसार छुट्याइएको हामीले पाएका छौं ।

## २. आर्थिक वर्ष २०८०/०८१ मा बसेको बैठक संख्या र निर्णय कार्यान्वयनको अवस्था :

| क्र.स. | बिवरण | बैठक संख्या |
|---|---|---|
| १ | संचालक समिति | १५ |
| २ | लेखा सुपरिवेक्षण समिति | ६ |
| ३ | संचालक र लेखा सुपरिवेक्षण समिति | ३ |
| ४ | संचालक, लेखा सुपरिवेक्षण र अन्य उप-समितिहरु | २ |
| ५ | शिक्षा उप-समिति | १ |
| ६ | ऋण उप-समिति | १४ |
| ७ | महिला तथा बालबालिका उप-समिति | २ |
| ८ | स्वास्थ्य हितकोष उप-समिति | १४ |
| ९ | सामाजिक परिचालन उप-समिति | १ |
| १० | ज्येष्ठ नागरिक कोष उप-समिति | १ |
| ११ | विविध (खरीद उप-समिति, साधारण सभा ब्यबस्थापन र पदपूर्ति) | ३ |

## ३. ऋण लगानीको प्रकृया, ऋण बापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :-

संस्थाले ऋण लगानीका लागि निम्न प्रकृयाहरू अवलम्बन गर्दै आएको छ।

३.१. संस्थाको निर्धारित ढाँचाको निवेदन माग गरेको पाइएको छ।

३.२. रु. १० लाख सम्मको ऋण माग भएमा ऋण उप समितिबाट निर्णय भई सञ्चालक समितिबाट अनुमोदन गर्ने गरिएको छ। यसका लागि दर्तावाल मूल्याङ्कनकर्ता बाट मूल्याङ्कन गरिएको छैन।

३.३. रु. २५ लाख सम्म ऋण माग भएमा ऋण उप समितिबाट निर्णय भई दर्तावाल मूल्याङ्कनकर्ताको मूल्याङ्कनको आधारमा सञ्चालक समितिबाट अनुमोदन गर्ने गरिएको छ।

३.४ रु. २५ लाख भन्दा माथिको ऋण रकम माग भएमा ऋण उपसमितिबाट सिफारिस भई दर्तावाल मूल्याङ्कनकर्ताको मूल्याङ्कनको आधारमा सञ्चालक समितिको निर्णयबाट लगानी गर्ने गरिएको पाइएको छ।

३.५. लघुवित्त कर्जाको हकमा समेत ऋण उपसमितिको सिफारिसमा सञ्चालक समितिले अनुमोदन गरेको पाइएको छ।

३.६. साँवा तथा ब्याज असुलउपर गर्नका लागि पत्राचार लगायतका प्रकृया समयमा नै पुरा गर्नुहुन सुझाव दिन्छौं। सो कार्यान्वयनका लागि संस्थाको कर्जा लगानी तथा असुली नीति २०७६ को परिच्छेद ९ को दफा ४२ को उपदफा २ मा उल्लेखित "कुनै सदस्यले संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको साँवा, ब्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जना असुल उपर गर्न सक्नेछ।" तथा ४ मा उल्लेखित "धितोबाट पनि साँवा, ब्याज र हर्जानाको रकम असुल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, व्याज र हर्जाना असुल उपर गर्न सकिनेछ।" भनी दिएको अधिकार प्रयोग गर्नका खातिर सञ्चालक समितिले आवश्यक प्रकृया पुग्ने किसिमको कागजात निर्माण शुरु गर्न विलम्ब नगर्नु हुन सुझाव दिन्छौं।

## ४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरूको पालना सम्बन्धी विवरण :-

४.१. बागमती प्रदेश भूमि व्यवस्था तथा सहकारी मन्त्रालय द्वारा जारी सहकारी संघ/संस्था दर्ता, सञ्चालन,अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड २०७७ को परिच्छेद (२) दफा ४ को (३) अनुसार "यो मापदण्ड जारी हुनु अघि दर्ता भएका बहुउद्देश्यीय सहकारी संस्थाले एक भन्दा बढी विषयको काम गर्नु पर्नेछ, कुनै एउटा विषयको मात्र कारोबार गरेको भए यो मापदण्ड लागू भएको २ वर्ष भित्र प्रकृति परिवर्तन गर्नुपर्ने छ" भनी उल्लेख भएकोले हाम्रो संस्थाले पनि बचत तथा ऋणको मात्र कारोबार गर्दै आएकोले सो सम्बन्धमा कसरी अगाडि बढ्ने हो यस विषयमा छलफल गरी निर्णय लिनुहुन सम्पूर्ण शेयर सदस्य ज्यूहरूमा समेत अनुरोध गर्दछौं । मापदण्डमा यो व्यवस्था यथावत रहेका कारण हाल सम्म पनि यसको सान्दर्भिकता कायम रहेको व्यहोरा अनुरोध छ ।

## ५. सहकारी विभाग, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरू :-

५.१. यस आर्थिक वर्षमा संस्थामा कुनै विभाग वा संघहरू बाट अनुगमन, निर्देशनहरू नभएको व्यहोरा अनुरोध गर्दछौ ।

५.२. सहकारी विभाग वा नियामक निकायले दिएको निर्देशन तथा सार्वजनिक सूचनाहरू कार्यान्वयनका लागि प्राथमिकताका साथ काम भई रहेको व्यहोरा अनुरोध छ ।

## ६. पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण :-

६.१. पारिश्रमिकः- कुनै पदाधिकारीले नलिएको ।

६.२. बैठक भत्ताः- सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिले एक पटकमा रू. ३,०००/- र अन्य उपसमितिहरूले एक पटकमा रू. १,८००/- मा नियमानुसार करकट्टी गरी बैठक भत्ता लिने गरिएको छ ।

६.३. सञ्चालक समितिको निर्णयानुसार सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार तथा सबै उप समितिहरूलाई पोशाकको व्यवस्था गरिएको छ । संस्थाका पदाधिकारीहरूले कुनै पनि अन्य सुविधा लिएको पाइएन ।

## ७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्था :-

७.१. साधारण सभाबाट कर्मचारी प्रशासन नियमावली भएको ।

७.२. नियमावली अधिकतम प्रयोगमा ल्याइएको ।

७.३. भर्ना प्रकृया पारदर्शी र प्रतिस्पर्धी भएको ।

७.४. यस आर्थिक वर्षमा व्यवस्थापनबाट कर्मचारीहरूसँग सुझाव संङ्कलन तथा कार्य सम्पादन मूल्याङ्कनका लागि कर्मचारी बैठक बसी राय सल्लाह गर्ने गरिएको पाइएको छ । यसको निरन्तरताको लागि आगामी दिनमा सञ्चालक समितिबाट यसैका आधारमा कर्मचारीहरूको क्षमता पहिचान गरी जिम्मेवारी तोक्ने तथा उत्कृष्ट कर्मचारी छनौटको आधार तयार हुने विश्वास लिएका छौं ।

७.५. व्यवस्थापनको तर्फबाट सञ्चालकलाई पेश गर्नुपर्ने वार्षिक योजना, बचत ऋण परिचालन तथा असुलीका कार्यक्रमहरू, संस्थाको सामाजिक ख्यातिको अवस्था र वृद्धि गर्ने उपायहरूलाई समितिबाट छलफल भई बजेटमा समावेश भएको छ ।

७.६. कर्मचारीको भर्ना प्रकृया र संख्या :

७.६.१: करार - ५ जना

७.६.२: अस्थायी - १ जना

७.६.३: स्थायी - ८ जना

## ८. लेखा सुपरिवेक्षण समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरू कार्यान्वयनको अवस्था :

लेखा सुपरिवेक्षण समितिले प्रत्येक चौमासिक रुपमा तयार गरेको प्रतिवेदन उपर दुवै समिति बसी छलफल गर्ने गरिएको छ सो उपर मौजुदा कानुनले व्यवस्था गरेका विषयहरू कार्यान्वयनका लागि समेत छलफल हुने गरेको छ तत् सम्बन्धमा कार्यान्वयनका लागि यथासम्भव कार्य सञ्चालक समितिबाट भएको हामीले पाएका छौँ । तथापि लेखा सुपरिवेक्षण समितिले दिएका निम्न लिखित सुझावहरू कार्यान्वयन हुन बाँकी रहेको हामीले पाएका छौं ।

८.१. सहकारी ऐन २०७४ को दफा ५० को उपदफा २ ले व्यवस्था गरे अनुरूप यो ऐन प्रारम्भ हुनु अघि बहुउद्देश्यीय संस्थाका रुपमा दर्ता भइ बचत तथा ऋणको मुख्य कारोबार गर्दै आएको संस्थाले ३ वर्ष भित्रमा दर्ता हुँदाका बखत उल्लेख गरिएको मुख्य कारोबार गर्ने गरी कार्य सञ्चालन गर्नुपर्ने" ऐनले व्यवस्था गरेको यो बुँदा हालको अवस्थामा के हुने हो भन्ने यकिन जानकारी प्राप्त हुन सकेको छैन, सञ्चालक समितिबाट समेत यस सम्बन्धमा बुझबुझारथ गर्नुहुन पुनः ध्यानाकर्षण गर्दछौं ।

८.२. सहकारी संघ/शंस्था दर्ता, सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७७ को दफा (२२) को उपदफा (८) का अनुसार "संस्थाले आफ्नो सदस्यको शेयर प्रमाणपत्र धितो जमानी राखी कर्जा प्रवाह गर्न पाउने छैन ।" भन्ने व्यवस्था गरेको हुनाले सो सम्बन्धमा समेत विचार विमर्श गरी निर्णय लिनुहुन सुझाव दिन्छौं ।

## ९. लेखा सुपरिवेक्षण समितिको सुझावहरू :

९.१. मिति २०८१ साल असार ७ गते सञ्चालक समितिको बैठकको बुँदा नं. ३ (१०) मा असार मसान्त भित्र ब्याज बुझाउनु हुने ऋणी सदस्यहरूलाई छुटको व्यवस्था गरीएको साथै यस आर्थिक वर्ष भरी ब्याज बुझाउन नसकी हर्जाना समेत बुझाउनु पर्ने अवस्थाका ऋणी सदस्यहरू समेतलाई असार मसान्त भित्र भुक्तानी गर्न आएमा ५० प्रतिशत हर्जाना छुटको निर्णय गरिएको थियो । सोही निर्णय अन्तर्गत ब्याज छुटमा ४ लाख १४ हजार २ सय सात रुपैयाँ ८७ पैसा र तोकिएको मितिमा ब्याज तथा हर्जाना समेत बुझाउन नसकेको ऋणी सदस्यहरुलाई रु. २४ लाख ९२ हजार ३ सय १९ रुपैयाँ हर्जाना छुट गरी नयाँ ऋण लगानी गरिएको पाइएको छ ।

९.२. नेपालका सहकारी संस्थाहरूको हालको अवस्थालाई मध्यनजर गर्दा अधिकांश ऋण लगानी अनुत्पादक क्षेत्रमा हुन गएको र सो क्षेत्रको कारोबारमा कमी आएका कारण त्यसको चाप समग्र सहकारीमा पर्न गएको विषयमा हामी सबै अनभिज्ञ छैनौं तसर्थ हाम्रो संस्थाले अबका दिनमा गर्ने लगानीको दायरा फराकिलो गर्दै कुल ऋण लगानीको केही प्रतिशत उत्पादनशील क्षेत्रमा तथा दैनिक वा मासिक किस्ता प्राप्त हुने क्षेत्रमा समेत लगानी गर्ने वातावरण तयार गर्नुहुन सुझाव दिन्छौं ।

९.३. सहकारी संघ संस्था दर्ता, सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड २०७७ को परिच्छेद ४ को दफा २२ मा प्रति सदस्य कुल पुँजी कोषको १० प्रतिशत सम्म ऋण लगानी गरिने व्यवस्था भएता पनि लेखा सुपरिवेक्षण समितिको अघिल्लो वार्षिक प्रतिवेदनमा समेत उल्लेख गरी पारित गरिएको एकाघर परिवार माथि गरिने ऋण लगानीको सिमा निर्धारण गरी छुट्टै नियम पारित गरी लगानी गर्नुहुन पुनः सुझाव दिन्छौं ।

**अन्त्यमा,** लेखा सुपरिवेक्षण समितिको यो प्रतिवेदन माथि छलफल गरी पारित गरिदिनुहुन सम्पूर्ण सदस्य महानुभावहरूमा आग्रह गर्दछौँ । साथै आफ्नो अमूल्य समय दिएर यस साधारण सभाको शोभा बढाउनको लागि उपस्थित प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू, अतिथि ज्यूहरू, सदस्य महानुभावहरू, सञ्चालक समितिका साथीहरू, सल्लाहकार महानुभावहरू, विभिन्न उपसमितिका पदाधिकारी, सहकर्मी मित्रहरू, सञ्चारकर्मी साथीहरू, कर्मचारीवर्गहरूका साथै यस सभामा उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । नेपालीहरूको घर आँगन माझ आँउदै गरेको शुभ विजया दशमी, दिपावली, नेपाल सम्वत् ११४५ र छठ पर्व को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै बिदा हुन चाहन्छु । यहाँहरूको साथ र सहयोगको लागि धन्यवाद ।

**जय सहकारी ! जय टेवा !**
मिति :२०८१ असोज १९ गते शनिवार ।
लेखा सुपरिवेक्षण समिति

| संयोजक | सदस्य | सदस्य |
|---|---|---|
| **श्याम सुन्दर लामिछाने** | **बिमला रिजाल ढुङ्गेल** | **दिलीप खत्री** |

**S. ACHARYA & ASSOCIATES**
**Chartered Accountants**
PAN No: 103766562

Putalisadak, Kathmandu
Tel: +977-9851198461, 9845549279
E-mail: sacharyaassociates@gmail.com

# टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका सदस्य महानुभावहरू समक्ष स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन

## १. कैफियत सहितको राय

हामीले टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड ललितपुर महानगरपालिका वडा नं २३ टेवाचोक हात्तिवन ललितपुर (यस पछि संस्था भनिएको) को यसै साथ संलग्न २०८१ आषाढ मसान्तको वित्तीय स्थिति विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको कार्य सञ्चालन विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, रायमा संलग्न वित्तीय विवरणहरुले संस्थाको २०८१ आषाढ मसान्तको वित्तीय अवस्था र सोही मितिमा अन्त्य भएको आर्थिक बर्षको नाफा वा नोक्सानको अवस्था र नगद प्रवाहको अवस्था कैफियत सहितको रायको आधार बाहेक प्रचलित कानूनको अधिनमा रही यथार्थ चित्रण गर्दछ ।

संस्थाले वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमानको व्यवस्था अनुरुप वित्तीय सुचनाको पहिचान, पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासा गरी तयार गर्नुपर्नेमा सो बमोजिम तयार गरीएका छैनन् । वित्तीय सुचनाको पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासाको सञ्चित असर अनिश्चित साथै सारभुत र व्यापक हुन सक्ने भएकाले नेपाल वित्तीय प्रतिवेदनमानको व्यवस्था अनुरुपको वित्तिय विवरण उपर राय दिन हामी असमर्थ छौं ।

## २. कैफियत सहितको रायका आधारहरु

१) साना तथा मझौला निकाय बाहेकका निकायलाई लागु हुने वित्तीय प्रतिवेदनको ढाचा साविकको नेपाल लेखामानबाट २०७३ श्रावण १ देखि नेपाल वित्तीय प्रतिवेदनमानमा परिवर्तन भएको छ । संस्थाको यस आ.व.को विश्वासयोग्य क्षमताको आधारमा जम्मा गरेको बचत तथा ऋण दायित्वको कुल जोड रु. पचास करोड भन्दा बढी भएकाले संस्थाले नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार पार्नुपर्नेमा वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमानको व्यवस्था अनुरुप तयार गरीएको छैन । सो व्यवस्था अनुरुप नयाा लेखानीतिहरुका आधारमा वित्तीय सुचनाको पहिचान, पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासा आबश्यक पर्दछ । नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप वित्तीय सुचनाको पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासाको सञ्चित असर अनिश्चित साथै सारभुत र व्यापक हुन सक्दछ ।

२) संरक्षित पूंजी फिर्ता सम्बन्धमा निश्चित कार्य विधि वनाई सहकारी ऐन, २०७४ को दफा ६९ को उपदफा ३ अनुसार र सहकारी नियमावली २०७५ को दफा २५ अनुसार बार्षिक रुपमा सदस्यहरुलाई वाड्नु पर्नेमा आ .व. २०७९।२०८० मा बाँडफाँड भएको संरक्षित पुँजी फिर्ता कोष वितरण गर्दा सदस्यलाई शेयर लगानीको ५.९३ प्रतिशत वितरण गरेको पाईयो । सदस्यहरुलाई शेयर कारोवारको आधारमा समानुपतिक ढंगले बाडेको पाईयो ।

३) संस्थाले कतिपय ऋणलाई आर्थिक वर्षको अन्तमा नविकरण गरको पाईयो । जसको कारणबाट पर्याप्त ऋण सुरक्षण कोषको व्यवस्था नभएको ।

४) संस्थाले पुरानो ऋण चुक्ता नभएता पनि थप ऋण लगानी गर्ने गरेको पाईयो ।

हामीले हाम्रो लेखापरिक्षण नेपाल लेखापरिक्षणमान बमोजिम सम्पन्न गरेका छौं । यी मान अन्तर्गतका हाम्रा दायित्वहरु यस प्रतिवेदनको वित्तीय विवरणको लेखापरिक्षणप्रति लेखापरिक्षकको जिम्मेवारी शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले लेखापरिक्षकको निम्ति जारी गरेको आचार संहिता बमोजिम हामी यस संस्थाबाट स्वतन्त्र छौं तथा उक्त आचार संहिता बमोजिम हामीले हाम्रो आचारणगत जिम्मेवारी पुरा गरेका छौं । हाम्रो लेखापरिक्षणबाट प्राप्त लेखापरिक्षण प्रमाणहरु हाम्रो रायलाई पर्याप्त एवं उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

### ३. लेखापरिक्षण सम्बन्धि मूख्य विषयहरु

यस अवधिको संस्थाको वित्तीय विवरणको लेखापरिक्षणका क्रममा हाम्रो व्यवसायिक निर्णयका आधारमा लेखापरिक्षणमा सवैभन्दा महत्वपूर्ण विषयहरु नै लेखापरिक्षण सम्बन्धि मूख्य विषयहरु हुन । यी विषयहरु वित्तीय विवरणको लेखापरिक्षणका क्रममा हाम्रो राय बनाउने सन्दर्भमा सम्बोधन गरीएको थियो र हामी यी विषयमा छुट्टै राय प्रदान गर्दैनौ । हामीले तल वर्णन गरीएका विषयहरुलाई हाम्रो प्रतिवेदनमा उल्लेख गर्ने लेखापरिक्षण सम्बन्धि मूख्य विषयहरुका रुपमा निर्धारण गरेका छौं ।

| सि.नं. | लेखापरिक्षण सम्बन्धि मूख्य विषयहरु | लेखापरिक्षकको प्रतिक्रिया |
|---|---|---|
| १. | सुचना प्रविधि सामान्य नियन्त्रण<br>कारोवारको लेखांकन र विभिन्न नियमनकारी निकायको निर्देशनको अनुपालनाका लागि आवश्यक पर्ने बिभिन्न प्रतिवेदनहरुको उत्पादनहरुको विश्वसनीयता सुचना प्रविधि, सफ्टवेयर र अन्य सम्बद्ध प्रणालीको प्रभावकारीतामा भर पर्दछ ।<br>सुचना प्रविधि माथिको नियन्त्रण तथा प्रमाणिकरणमा भएका त्रुटीहरु, गलत तथ्याङ्को प्रविष्टी तथा गलत तथ्याङ्कको गलत उत्पादनले व्यवस्थापन, शेयरधनी र नियामकहरुलाई गलत प्रतिवेदन पेश हुनसक्ने भएकाले हामीले यसलाई प्रमुख लेखापरिक्षण विषयको रुपमा लिएका छौ । | संस्थाको सुचना प्रविधि प्रणाली सम्बन्धमा हाम्रो लेखापरिक्षण पद्दति देहायबमोजिम रहेको छ :<br>● संस्थाद्वारा प्रयोग गरिएको सफ्टवेयरको सञ्चालन प्रणालीबारे बुझ्यौं ।<br>● संस्थामा रहेको हाल अवस्थित सुचना प्रविधि प्रणालीमा तथ्याङ्कको प्रविष्टि र बित्तीय बिबरणहरुको उत्पादन प्रक्रियाबारे बुझ्यौं ।<br>● संस्थाको नीति नियममा कुनै पनि परिवर्तन भएको अवस्थामा प्रयोगकर्ताले प्रयोग गर्ने सुचना प्रविधिको उपयोगको तरिका तथा अन्य विवरण समेत परिवर्तन भएको सुनिश्चित गर्यौ ।<br>● प्रणालीबाट उत्पादित विभिन्न प्रतिवेदन नमुना कारोबारको आधारमा विश्लेषण गर्यौ । हामीले ऋण लगानीमा व्याज बापतको आय र सदस्यको बचतमा व्याज वापतको खर्चको गणना नमुना छनौट गरी सोको आधारमा सफ्टवेयरबाट हुने गणनाको जाँच तथा विश्लेषण गर्यौ ।<br>● संस्थाद्वारा हामीलाई उपलब्ध गराईएको सुचना प्रविधि प्रणालीमा हामीले विश्वास गरी हाम्रो लेखापरिक्षण सम्पन्न गर्यौ । |

### ४ वित्तीय विवरण र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए बाहेकका अन्य सुचनाहरु

अन्य सुचनाहरुको जिम्मेवारी व्यबस्थापनमा रहेको छ । अन्य सुचनाहरुमा व्यवस्थापनको प्रतिवेदन, सञ्चालक समिति तथा अध्यक्षको प्रतिवेदन पर्दछ जसमा वित्तीय विवरण तथा लेखापरीक्षण प्रतिवेदन पर्दैन । यस्ता सुचनाहरु हामिलाई लेखापरीक्षण प्रतिवेदन जारी भएपश्चात मात्र प्राप्त हुन्छन् ।

वित्तीय विवरणमा हाम्रो रायले अन्य जानकारीलाई समावेश गर्दैन र हामी यसमा कुनै पनि प्रकारको राय

व्यक्त गर्दैनौं । वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा, माथी उल्लेख गरिएका अन्य जानकारीहरु उपलब्ध हुँदा अध्ययन गर्नु हाम्रो जिम्मेवारी हो र त्यसो गर्दा अन्य जानकारीहरु वित्तीय विवरण वा लेखापरीक्षणका बखत प्राप्त भएको हाम्रो ज्ञान वा सारभुत रुपमा गलत व्याख्या भएका छन् कि छैन्न भनी विचार गर्नुपर्दछ ।

हामीलाई उपलब्ध त्यस्ता जानकारीमा कुनै सारभुत गलत व्याख्या छन् भने, हामीले सो कुरा शासनसँग जिम्मेवारहरुलाई जानकारी गराउन आवश्यक छ ।

**५. वित्तीय विवरणप्रति व्यबस्थापन तथा शासनसँग जिम्मेवारको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप यथार्थ एवं उचित चित्रण गर्ने, वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यबस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रुपले त्रुटि रहित वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्ने, लेखा नीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्य पर्दछ ।

वित्तीय विवरण तयार गर्दा संस्थाको संस्थागत निरन्तरता क्षमताको जाँच गर्नु, लागु हुने भए अनुसारको संस्थागत निरन्तरता सम्बन्धि व्यहोरा उल्लेख गर्नु तथा व्यबस्थापनले संस्था खारेज वा सञ्चालन बन्द वा उपयुक्त कार्य गर्नु बाहेक अन्य उपयुक्त विकल्प नभएमा बाहेक संस्थागत निरन्तरता सम्बन्धि लेखाको आधार प्रयोग गर्नुपर्दछ ।

सुशासनसँग जिम्मेवारको जिम्मेवारी संस्थाको वित्तीय प्रतिवेदनको प्रकृया निरीक्षण गर्नु हो ।

**६. वित्तीय विवरणको लेखापरिक्षणप्रति लेखापरिक्षकको जिम्मेवारी**

व्यबस्थापनले तयार गरेको वित्तीय विवरण उपर लेखापरिक्षणको आधारमा आफ्नो राय जारी गर्नु हाम्रो जिम्मेवारी हो ।

हामीले नेपाल लेखापरिक्षणमान बमोजिम लेखापरिक्षण सम्पन्न गरेका छौं । यी लेखापरिक्षणमानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिरहित भएको बारेमा मनासिव आश्वासन प्राप्त गर्न हामीलाई लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँदछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्ने सम्बन्धि सम्पादन कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटियुक्त प्रस्तुति हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक निर्णयमा आधारित छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले संस्थाको आन्तरिक नियन्त्रणउपर नै राय व्यक्त गर्ने उद्देश्यले नभई, परिस्थितिअनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा, संस्थाले वित्तीय विवरण तयार एवं प्रस्तुति गर्ने क्रममा अवलम्वन गरेका आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्वारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरु एवं गरिएका महत्वपूर्ण अनुमानहरुको उपयुक्तताको तथा मुल्यांकन साथै समग्र वित्तीय विवरण प्रस्तुतिको लेखाजोखा समेत समावेश हुन्छ ।

**७. सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ को प्रावधानको आवश्यकता माथिको प्रतिवेदन**

क) हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सूचनाहरु र स्पष्टीकरणहरु विपरीत राय दिनुको आधारमा लेखिएको बाहेक सन्तोषजनक पायौं ।

ख) सहकारी संस्थाले राख्नु पर्ने मुख्य खाता र सहायक खाताहरु राख्ने गरेको तथा दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार गोश्वरा भौचरहरु  कैफियत सहितको राय दिनुको आधारमा लेखिएको बाहेक व्यवस्थित ढंगबाट राखेको छ ।

ग) पेश भएको वासलात, आय विवरण र नगद प्रवाह विवरणले सहकारी ऐन, २०७४ र सो अन्तर्गत बनेको नियमावली, २०७५ तथा संस्थाको बिनियम अनुसार तयार भएको र उक्त विवरणहरु संस्थाले राखेको लेखासंग दुरुस्त रहेका छन् ।

घ) हाम्रो रायमा, हामीले प्राप्त गरेको सूचना, स्पष्टीकरण र संस्थाको हिसाव किताबको लेखापरीक्षण गर्दा संचालक समिति वा अन्य कुनै कर्मचारीले लेखा सम्बन्धी कानुनी व्यवस्था विरुद्ध कामकाज गरेको वा संघ/संस्थालाई हानी नोक्सानी पुऱ्याएको वा संस्थाको कोषको हिना मीना गरेको हाम्रो जानकारीमा आएको छैन ।

**सिए. सागर आचार्य**
प्रोपाईटर
एस. आचार्य एण्ड एसोसिएट्स्
चार्टर्ड एकाउण्टेण्ट्स्
काठमाण्डौं, नेपाल
मितिः २०८१।०६।०७
**UDIN : 240929CA00808bwnqm**

# टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

ल.पु.म.न.पा.-२३, टेवाचोक, हात्तीवन, ललितपुर
२०८१ साल आषाढ मसान्तको

## वासलात

| विवरण | अनुसूची | २०८१ असार मसान्त सम्म | २०८० असार मसान्त सम्म |
|---|---|---|---|
| **पूंजी तथा दायित्व :** | | | |
| शेयर पूंजी | १ | ३०,४९,२५,०००.०० | २७,९७,३०,८००.०० |
| जगेडा तथा अन्य कोषहरु | २ | १९,५८,५१,५६७.४४ | १७,९०,४९,८५९.८८ |
| विविध कोषहरु | ३ | ६२,४३,८७४.२६ | ५९,७८,६६५.३२ |
| बाह्य ऋण | ४ | - | २,८४,९०,१७०.४८ |
| निक्षेप दायित्व | ५ | ८७,९०,९९,५३१.०४ | ७८,३०,६०,९६१.६९ |
| अन्य दायित्व तथा व्यवस्था | ६ | ६,१६,१४,००२.०९ | ४,९२,५०,७०७.४२ |
| **जम्मा** | | **१,४४,७७,३३,९७४.८४** | **१,३२,५५,६१,१६४.७८** |
| **सम्पत्ति :** | | | |
| नगद मौज्दात | ७ | ६४,१६,८९०.०६ | ७३,०६,०२८.०२ |
| बैंक मौज्दात | ७ | ९,९४,२२,५८८.९२ | १०,२१,९३,०४२.२२ |
| स्थिर सम्पत्ति | ८ | २,७७,७९,३३४.३८ | २,७६,८५,९७१.११ |
| ऋण लगानी | ९ | १,१३,६५,४९,२९३.७५ | १,०९,६८,३२,१७२.६० |
| अन्य सम्पत्ति | १० | १,०२,३७,२३७.०३ | ९८,१४,८३२.३२ |
| शेयर तथा मुद्धती लगानी | ११ | १६,७३,२८,६३०.७० | ८,१७,२९,११८.५१ |
| **जम्मा** | | **१,४४,७७,३३,९७४.८४** | **१,३२,५५,६१,१६४.७८** |

प्रमुख लेखा निति तथा टिप्पणीहरु वासलातका अभिन्न अंगहरु हुन् ।

१ देखि ११ सम्मका अनुसूचीहरु वासलातका अभिन्न अंग हुन् ।

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

(कविन्द्र कार्की)
लेखा अधिकृत

(रबि थापा)
व्यवस्थापक

(अर्जुन चौलागाई)
कोषँध्यक्ष

(लव कुमार खड्का)
अध्यक्ष

सागर आचार्य
ए.बि.एस. एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स

मितिः २०८१।०६।०८

# टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

ल.पु.म.न.पा.-२३, टेवाचोक, हात्तीवन, ललितपुर

२०८० श्रावण १ गते देखी २०८१ साल आषाढ मसान्तसम्मको

## नाफा नोक्सान हिसाब

| विवरण | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| **आम्दानी :** | | | |
| ब्याज आम्दानी | १२ | १६,५५,५८,५३१.०२ | १७,७४,२०,३३६.४९ |
| अन्य आम्दानी | १३ | २,९४,७१,००१.०५ | ३,०३,८६,६८०.२४ |
| **जम्मा आम्दानी** | | **१९,५०,२९,५३२.०७** | **२०,७८,०७,०१६.७३** |
| **खर्च :** | | | |
| ब्याज खर्च | १४ | ९,४०,३८,५०१.९२ | ९,९०,७२,३२२.४६ |
| कर्मचारी खर्च | १५ | ६२,०९,३६८.३९ | ५२,९६,५०८.१० |
| प्रशासनिक खर्च | १६ | ७०,४५,७३५.९४ | ७४,८८,०३१.९९ |
| ह्रासकट्टी खर्च | ८ | ११,६०,२८२.७४ | ११,२९,७१३.०२ |
| **जम्मा खर्च** | | **१०,८४,५३,८८८.९९** | **११,२९,८६,५७५.५७** |
| ऋण नोक्सानी व्यवस्था अघिको नाफा | | **८,६५,७५,६४३.०८** | **९,४८,२०,४४१.१७** |
| ऋण नोक्सानी व्यवस्था | | **१८,८१,७०४.३२** | |
| **आयकर व्यवस्था अघिको नाफा** | | **८,४६,९३,९३८.७६** | **९,४८,२०,४४१.१७** |
| **आयकर खर्च** | १७ | **१,६९,७५,८२७.४२** | **९३,०७,५०९.९०** |
| गत बर्ष ब्याज शुल्क तिरेको | | - | - |
| **बाँडफाँड हिसाबमा सारेको नाफा** | | **६,७७,१८,१११.३४** | **८,५५,१२,९३१.२७** |

प्रमुख लेखा निति तथा टिप्पणीहरु वासलातका अभिन्न अंगहरु हुन्।

अनुसूची ८ र १२ देखि १७ सम्मका अनुसूचीहरु नाफा नोक्सानका अभिन्न अंग हुन् ।

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

| (कविन्द्र कार्की) | (रबि थापा) | (अर्जुन चौलागाई) | (लव कुमार खड्का) | सागर आचार्य |
|---|---|---|---|---|
| लेखा अधिकृत | व्यवस्थापक | कोषँध्यक्ष | अध्यक्ष | ए.बि.एस. एण्ड एसोसिएट्स<br>चार्टड एकाउन्टेन्ट्स |

मितिः २०८१।०६।०८

# टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

ल.पु.म.न.पा.-२३, टेवाचोक, हात्तीवन, ललितपुर

२०८० श्रावण १ गते देखी २०८१ साल आषाढ मसान्तसम्मको

## नगद प्रवाह विवरण

| | विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| क) | **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | |
| | आयकर व्यवस्था पछिको नाफा/(नोक्सान) | ६,७७,१८,१११.३४ | ८,५५,१२,९३१.२७ |
| | ह्रास कट्टी | ११,६०,२८२.७४ | ११,२९,७१३.०२ |
| | कोषको उपयोग | (५,०९,१६,४०३.७९) | (३,६४,११,९९८.३८) |
| | **कार्यशील पूँजीमा परिवर्तन हुनु अघि संचालन गतिविधिबाट नगद प्रवाह (अ)** | **१,७९,६१,९९०.२९** | **५,०२,३०,६४५.९१** |
| | कार्यशील पूँजीमा भएको परिवर्तन | | |
| | निक्षेप हिसाबमा बृद्दि/(कमी) | ९,६०,३८,५६९.३५ | (१८,६९,५२,६३४.२६) |
| | अन्य दायित्वमा बृद्दि/(कमी) | १,२३,६३,२९४.६७ | ४३,०१,४७६.६१ |
| | विविध कोषमा बृद्दि/(कमी) | २,६५,२०८.९४ | २,३१,८२०.३३ |
| | कर्जा सापटीमा (बृद्दि)/कमी | (३,९७,१७,१२१.१५) | २,१२,९०,१३१.३८ |
| | पाउनुपर्ने हिसाव (बृद्दि)/कमी | (४,२२,४०४.७१) | (९,८३,६०५.१९) |
| | वाह्य ऋणमा (बृद्दि)/कमी | (२,८४,९०,१७०.४८) | - |
| | अन्य सम्पत्तिमा (बृद्दि)/कमी | - | - |
| | **कार्यशील पूँजीमा भएको परिवर्तन (आ)** | **४,००,३७,३७६.६२** | **(१६,२१,१२,८११.१३)** |
| | **सञ्चालन गतिविधिबाट नगद प्रवाह (१.अंआ)** | **५,७९,९९,३६६.९२** | **(११,१८,८२,१६५.२६)** |
| ख) | लगानी गतिविधिबाट नगद प्रवाह | | |
| | स्थिर सम्पत्ति बिक्री/(खरीद) | (१२,५३,६४६.००) | (१०,०९,०४१.०५) |
| | शेयर तथा मुद्धती लगानी | (८,५५,९९,५१२.१९) | ४,९९,८५,८४४.६५ |
| | **लगानी गतिविधिबाट नगद प्रवाह (२)** | **(८,६८,५३,१५८.१९)** | **४,८९,७६,८०३.६०** |
| ग) | वित्तिय गतिविधिबाट नगद प्रवाह | | |
| | चुक्ता शेयर पूँजीमा भएको बृद्दि/(कमी) | २,५१,९४,२००.०० | ३,३४,५३,८००.०० |
| | **वित्तिय गतिविधिबाट नगद प्रवाह (३)** | **२,५१,९४,२००.००** | **३,३४,५३,८००.००** |
| घ) | **सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (१+२+३)** | **(३६,५९,५९१.२७)** | **(२,९४,५१,५६१.६६)** |
| ङ) | नगद तथा बैंकमा रहेको शुरु मौज्दात | १०,९४,९९,०७०.२४ | १०,९४,९९,०७०.२४ |
| च) | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **१०,५८,३९,४७८.९८** | **१०,९४,९९,०७०.२४** |

